# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



श्रीघः विहार सुधार तथा बुद्ध प्रतिमा निर्माण समिति नघः द्वारा निर्मित स्वर्ण बुद्ध प्रतिमा

DHARMAKIRTI

**योमरि: पुन्ही**

वर्ष-२४; अङ्क-८

बिक्रम सम्वत् २०६३

# स्वर्ण बुद्ध प्रतिमा अनावरण

*२०६३ कार्तिक १४ गते, मंगलवार । स्थान- श्रीघः विहार परिसर*

यसदिन श्रीघः विहार सुधार तथा बुद्ध प्रतिमा निर्माण समितिद्वारा आयोजित एक कार्यक्रममा प्रमुख अतिथी प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाले नव निर्मित स्वर्ण बुद्ध प्रतिमा एवं शीलापत्र अनावरण गर्नुभएको थियो । भिक्षुणी धम्मवतीको सभापतित्वमा संचालित उक्त कार्यक्रममा गुह्यरत्न शाक्यले स्वागत भाषण गर्नुभएको थियो । केदार शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा भिक्षुणी धम्मवतीले नेपालमा दीगो शान्तिको कामना गर्नुभएको थियो । यसरी नै डा. थीरमान शाक्यले करीव ३२ लाख रुपैंयाको लागतमा बुद्ध प्रतिमा निर्माण भएको विषयमा चर्चा गर्नुभएको थियो ।

समारोहमा नेपाल कम्यूनिष्ट पार्टी एमालेका महासचिव माधव कुमार नेपालले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त समारोहमा श्रीघः विहार तथा बुद्ध प्रतिमा निर्माण समिति नःघःबाट प्रकाशित स्वर्ण बुद्ध स्मारिका प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाले विमोचन गर्नुभएको थियो ।

सो अवसरमा श्रीघः विहार सुधार तथा बुद्ध प्रतिमा निर्माण समितिका तर्फबाट भिक्षुणी धम्मवती गुरुमांले प्रधानमन्त्री कोइरलालाई सम्मान गरी अभिनन्दन पत्र प्रदान गरिएको थियो भने प्रधानमन्त्री कोइरालाले स्वर्ण बुद्ध प्रतिमा निर्माण कार्यमा विशेष योगदान पुऱ्याउनु हुने समितिका पदाधिकारीहरू भिक्षुणी धम्मवती, गुह्यरत्न शाक्य र स्व. ज्ञानज्योती कंसाकारको नाममा उहाँकी श्रीमतीलाई सम्मान पत्र प्रदान गर्नुभएको थियो । यसरी नै रु. १ लाख वा सो भन्दा बढि रकम चन्दा दिई सहयोग गर्नु भएका अन्य दाताहरूलाई धम्मवती गुरुमांले प्रशंसा पत्र प्रदान गर्नुभएको थियो । यसको साथै लुम्बिनीमा मायादेवी मन्दिर निर्माण कार्यमा विशेष योगदान पुऱ्याउनु हुने पूर्वमन्त्री बलबहादुर केसीलाई पनि अभिनन्दन पत्र प्रदान गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्नेक्रममा प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइरालाले राजधानीको तिनकुनेमा भगवान गौतम बुद्धको ठूलो प्रतिमा स्थापना गरी नेपाल आउने पर्यटकहरू मार्फत शान्तिको सन्देश विश्वभर पुऱ्याउने विगतको प्रयासलाई गरीछाड्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम समापन पश्चात् प्रधानमन्त्री गिरीजा प्रसाद कोइरलाले श्रीघः परिसर भित्र अवस्थित रहेको धर्मकीर्ति विहारमा निर्मित बुद्ध जीवनीमा आधारित ४ प्रमुख घटनाहरू उल्लेख गरिएका प्रतिमाहरू सिद्धार्थको जन्म (लुम्बिनी), सिद्धार्थले बोधिज्ञान लाभ गर्नुभई बुद्ध हुनुभएको (बुद्धगया), बुद्धले प्रथम पटक धर्म प्रचार गर्नुभएको धर्मचक्र प्रवर्तन (सारनाथ) र बुद्धको परिनिर्वाण (कुशिनगर) आदि चार धामको दर्शन गर्नुभएको थियो ।

काठमाडौं महानगरपालिका वडा नं. २८ श्रीघः नःघलमा निर्मित उक्त स्वर्ण बुद्ध प्रतिमा नेपाली प्रस्तरकलाबाट पाटनका मूर्तिकार लोकराज वज्राचार्यले निर्माण गर्नुभएको थियो । सो प्रतिमा करीव तीन मिटर उचाईको छ । मूर्तिको ललाटमा हीरा जडिएको छ भने मुहार एवं शरीर र कमल आसनमा सुनले मोरिएको छ ।

## स्वर्ण बुद्ध प्रतिमा उद्‌घाटन समारोहमा विशेष सम्मान-पत्र एवं सम्मान पत्र प्राप्त गर्नुहुने महानुभावहरू एवं संघ-संस्थाहरूको नामावली

| क्र.सं. | नाम | सम्मानपत्रको विवरण | कैफियत |
|---|---|---|---|
| १. | भिक्षुणी धम्मवती | विशेष सम्मानपत्र र सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| २. | गुह्यरत्न शाक्य | विशेष सम्मानपत्र र सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ३. | स्व. ज्ञानज्योती कंसाकार | विशेष सम्मानपत्र र सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ४. | बसन्तवहादुर शाक्य | सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ५. | डा. थीरमान शाक्य | सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ६. | अमीरमान शाक्य | सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ७. | शुभकाजी शाक्य | सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ८. | केदार शाक्य | सम्मानपत्र | कार्यकारिणी सदस्य तथा विशेष सल्लाहकार |
| ९. | काठमाडौं महानगरपालिका | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १०. | धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपासकोपासिकाहरू | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| ११. | डुक्पा लामा, डोल्मा र वाङचुक लामा | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १२. | तेजानन्द शाक्य र पूण्यरत्न शाक्य परिवार | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १३. | स्व. मणिहर्ष ज्योति परिवार | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १४. | द्रव्यमान सिंह तुलाधर | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १५. | बसन्त बहादुर शाक्य | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १६. | बुद्धि प्रभा शाक्य | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |
| १७. | रत्नमान शाक्य | सम्मानपत्र | रु. १ लाख वा सो भन्दा बढि चन्दा सहयोग प्रदान गरे वापत |

## कमला गुरुमांको ६० औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक महापरित्राण पाठ सम्पन्न

*२०६३ कार्तिक २६ मंसीर २ ।*
*पद्मकीर्ति विहार, कमल पोखरी ।*

श्रद्धेय कमला गुरुमां ६० वर्ष प्रवेश गर्नुभएको उपलक्ष्यमा पद्मकीर्ति विहारले सप्ताहव्यापी (२०६३ कार्तिक २६ गते देखि मंसीर २ गते सम्म) महापरित्राण पाठ एवं धर्मदेशना कार्यक्रमको आयोजना गरिएको थियो । उक्त साप्ताहिक महापरित्राण पाठ कार्यक्रममा भिक्षुणी गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ एवं धर्मदेशना गरिएको थियो ।

कार्यक्रमको अन्तिम दिन मंसीर २ गते विहान बुद्ध पूजा पश्चात् भिक्षु सुशील र भिक्षुणी धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएका थिए ।

धर्मदेशना पश्चात् कमला गुरुमांले कार्यक्रममा आमन्त्रित भन्ते गुरुमांहरूलाई दान प्रदान गर्नुभएको थियो भने उपस्थित उपासकोपासिकाहरूले पनि दान प्रदान गर्नुभएका थिए ।

उक्त दिन भन्ते गुरुमांहरू लगायत कार्यक्रममा उपस्थित हुनुहुने सम्पूर्ण उपासक उपासिकाहरूलाई पनि जलपान भोजन दान गरिएको थियो ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक

त्रिरत्नसागर वज्राचार्य (?)

फोन: ४२[illegible], ४२[illegible]

व्यवस्थापक

चिनीकाजी महर्जन

फोन: ४२५ ३१८२

वीरेन्द्र महर्जन

फोन: ४२७ ६६१८

सह व्यवस्थापक

ध्रुवरत्न स्थापित

सम्पादक

भिक्षुणी वीर्यवती

फोन: ४२५ ९४६६

प्रधान सम्पादक

भिक्षु अश्वघोष महास्थविर

फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार

भिक्षुणी धम्मवती

फोन: ४२५ ९४६६

कार्यालय

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघ: नघः टोल

e-mail: dharmakirtivihar@mail.com.np

पोष्ट बक्स नं. ४११२

काठमाडौं

फोन: ४२५ [illegible]

बुद्ध सम्वत् [illegible]

नेपाल सम्वत् ११२७

इस्वी सम्वत् २००६


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**DECEMBER 2006**


वर्ष- २४ | अङ्क- ८ | [illegible] पुन्ही | [illegible]





★ तृष्णाको पछि लाग्ने प्राणीहरू बाँधी राखेका चौघोडा जस्तै घुमी मात्र रहन्छन् । त्यसैले भिक्षु हो । वैराग्य मार्गमा लागेर तृष्णा नष्ट गर्ने काम गर ।

★ ★ ★

★ फलामको, काठको र डोरीको बन्धनलाई बुद्धिमान व्यक्तिले बलियो बन्धन भन्दैन । धन सम्पत्ति, स्त्री, पुत्र पुत्रीहरूमा हुने अनुरागलाई नै बलियो दृढ बन्धन भन्छन् ।

★ ★ ★

★ यस बन्धनलाई बुद्धिमानहरूले अधोगतिमा लाने बन्धन भन्छन् । उनीहरूले यस्तो बन्धनलाई तोडी काम सुख त्यागी प्रव्रजित हुन्छन् ।

★ ★ ★

# सांसारिक सुख मात्र होइन मनको सुख पनि चाहिएको छ

**हनन्ति भोगा दुम्मेध-नो चे पारगवेसिनो**
**भोग तण्हाय दुम्मेधो-हन्ति अञ्ञे' व अत्तनं**

**अर्थात्**- सांसारिक सुख (पञ्चकाम सुख) त्याग्न नसक्ने मूर्ख त्यही भोगले नासिन्छ। अर्काले आँफूलाई नष्ट गराए झैं बरावर भोगको तृष्णामा परेर त्यस मूर्खले आफ्नै विनाश गराउँछ।

भौतिक सुखलाई नै प्रमुख सुख वा साँचो सुख ठान्ने हामी जस्ता साधारण मानिसहरूका लागि भगवान बुद्धले आँखा खोलिदिनुभएको बुद्ध वचन हो यो। हुनपनि हो, मूर्खहरूले आफ्नो विवेक बुद्धि ठीक तरिकाले सदुपयोग गर्न सकिरहेका हुँदैनन्। उनीहरूले आजको चमत्कारपूर्ण भौतिक सुख सुविधाहरू, धनसम्पत्ति, आदि जति संचय गर्न सकियो त्यति नै आफूलाई भाग्यमानी हुने ठान्छन्। आज यस संसार चमत्कारपूर्ण भौतिक सुख सुविधा एवं विलासी जीवनमा अल्झिरहेको छ। यी भौतिक साधनहरूलाई पञ्चइन्द्रियद्वार (नाक, कान, जीव्रो, आँखा र शरीर) मार्फत हाम्रो मनले उपभोग गर्न पल्किरहेको हुन्छ।

पञ्चइन्द्रियद्वार मार्फत मनले अनुभव गर्ने सुखलाई पञ्चकाम सुख भनिन्छ। वास्तवमा पञ्चकाम सुख भनेको समुद्रको पानी जस्तै हुन्छ। समुद्रको पानी नुनीलो हुने भएकोले प्यास लागेको व्यक्तिले जति जति त्यो पानी पिउँछ, त्यति नै पानीको प्यास बढ्दै जान्छ। तर प्यास कहिले पनि मेटिँदैन। जबसम्म प्यास मेटिँदैन, तबसम्म मनले सन्तोषको श्वास फेर्न सक्दैन। ठीक त्यसरी नै पञ्चकाम सुख वा भौतिक सुख भोगलाई आफ्नो आवश्यकताको सिमाना भन्दा पनि नाघी त्यसको चाहना जसले बढाउँदै लान्छ, त्यति नै त्यसको मनले तृष्णा रूपी क्लेशलाई बढाउँदै लान्छ। इच्छा तृप्ती गर्न नसके सम्म असन्तुष्टी र मानसिक तनावको जरो गाडिँदै जान्छ। भौतिक सुखरूपी प्यासको सीमा नाघेपछि त्यस व्यक्तिले आफ्नो विवेक बुद्धिलाई सदुपयोग गर्न नसकी मानसिक सन्तुलन गुमाउन पुगी उसले अकल्पनिय कुकर्म गर्न पनि पछि हट्दैन। समाजमा जति पनि भ्रष्टाचार, व्यभिचार, चोरी, डकैटी, हत्या जस्ता आक्रामक कार्यहरू हुन्छन्, यसका विभिन्न कारणहरूमध्ये प्रमुख कारण यही भौतिक सुखको असिमित चाहाना हो।

जबसम्म मानिसले आफ्नो विवेक बुद्धिलाई सही तारिकाले उपयोग गर्न सक्दैन, तबसम्म जतिसुकै भौतिक सुख सुविधा एवं धन, पद, मान र प्रतिष्ठाले सम्पन्न भएपनि उसले मानसिक शान्तिको अनुभव गर्न सक्दैन।

त्यसैले होला आजभोली कतिपय युवापिंढी मानसिक शान्तिको सहि बाटो पहिल्याउन नसकी नशालु मादक पदार्थहरू सेवन गरी आफूलाई नारकीय जीवनमा होमिन पुगिरहेका छन्।

आजभोली यो संसार क्यान्सर, मुटुसम्बन्धी रोग, एड्स् आदि जस्ता भयानक रोगहरूले त्रसित बनि सक्यो। यस्तो अवस्थामा यस पञ्चकाम सुखले हामीलाई भयमुक्त पार्ने जिम्मा लिन सकिरहेको छैन। किनभने मनोबल शक्ति त आध्यात्मिक चिन्तनले मात्र प्राप्त हुन्छ पञ्चकाम सुखले होइन। त्यसैले आज हामीले भौतिक सुखमा मात्र आफूलाई सीमित नराखी हाम्रो विवेक बुद्धिलाई आध्यात्मिक सुख (मानसिक सुख) दिलाउने बुद्ध शिक्षा अध्ययन र अभ्यास कार्य तर्फ मोड्न नितान्त आवश्यक भइसकेको छ।


| | | |
|---|---|---|
| १. बुद्ध वचन | | १ |
| २. सम्पादकीय - सांसारिक सुख मात्र होइन... | | २ |
| ३. [illegible] आस्तिकबादी हुनुहुन्थ्यो | - मङ्गलमित्र सत्यनारायण गोयन्का | ३ |
| ४. सही बुद्ध वन्दना-१ | - सत्यनारायण गोयन्का | ५ |
| ५. बिरामी हुँदाको अनुभव | - भिक्षु [illegible] | ६ |
| ६. धम्मपद-११४ | - रीना तुलाधर | ७ |
| ७. [illegible] संस्कृति | - किशोर [illegible] | ७ |
| ८. मतकभत्त जातक | - प्रकाश बज्राचार्य | ८ |
| ९. मानव धर्मया मर्म छुयः ? | - आनन्द मानन्धर तुलाधर | ९ |
| १०. नेपालका संघउपनायक पूज्यपाद... ... | - भिक्षु कोण्डन्य | १० |
| ११. बौद्ध धर्ममा परित्राणको महत्व | - मुनीन्द्ररत्न बज्राचार्य | १२ |
| १२. मनुष्य जन्मको महत्व | - सुकन्या [illegible] | १२ |
| १३. योगाभ्यास विधि-२२ | - डा. गोपाल [illegible] | १३ |
| १४. बुद्धको जन्म भूमिमा | - भिक्षु गौतम | १३ |
| १५. सम्बाद | - (बेबी) सुमित्रा मानन्धर | १३ |
| १६. मृत्युको सन्देश: जागरणको मूल ढोका | - नरेन्द्रनाथ [illegible] | १४ |
| १७. परिवर्तनशील संसार र सत्य | - डा. [illegible] | १५ |
| १८. शान्ति र मैत्री-१२ | - ले. भिक्षु [illegible] | १७ |
| १९. [illegible] | - श्रीमती लक्ष्मी हीरा तुलाधर | १८ |
| २०. धर्मकीर्ति विहार-गतिविधि | - | २० |
| २१. धर्मप्रचार-समाचार | - | २२ |




Downloaded from http://www.dhamma.digital

# शास्ता आस्तिकवादी हुनुहुन्थ्यो

■ मङ्गलमित्र सत्यनारायण गोयन्का

शास्ता त्यसलाई भनिन्छ जसले शासन गर्दछ, अनुशासन गर्दछ । शासनको अर्थ आजकल हुकूमत भन्ने हुन्छ । राज्यतन्त्र, राज्य-नियन्त्रण, राज्यादेशलाई पनि शासन भनिन्छ । शासन गर्ने हुकूमत चलाउने व्यक्तिलाई शासक भनिन्छ । तर २६०० वर्ष अगाडि उत्तर भारतमा बोलिने लोक भाषामा शासन शिक्षणलाई भनिथ्यो, उपदेशलाई भनिन्थ्यो । शिक्षा दिने उपदेश दिने व्यक्तिलाई सत्था अर्थात शिक्षक वा उपदेशक भनिन्थ्यो ।

भगवान बुद्ध सत्य धर्मको अनुपम, अद्वितीय शिक्षक थिए । सम्यक सम्बोधि प्राप्त गरेपछि सम्यक सम्बुद्ध तथागतले जब पहिलो पटक धर्मोपदेश दिनुभयो, तब त्यस उपदेशलाई अनुत्तर धर्मचक्र-प्रवर्तन भनियो । किनकि त्यस युगमा पहिलो पटक कसैले दुःख र दुःखबाट नितान्त विमुक्त हुने शुद्ध धर्म प्रकाशित गरेको थियो । त्यसैले उहाँ अनुपम धर्म शिक्षक हुनुभयो । अतुलनीय शास्ता हुनु भयो । शास्ता कहलीएका अन्य पनि थिए तर भगवान बुद्धको आफ्नै विशेषता थियो । उहाँले सिकाउनु भएको धर्म श्रेष्ठ, उत्तम हुनुका साथ-साथै धर्म सिकाउनेको योग्यता पनि श्रेष्ठ तथा उत्तम थियो । उहाँले आफ्नो शिक्षालाई पालन गर्न कसैलाई पनि जबरजस्ती गर्नु भएन । त्यसैले नै उहाँ श्रेष्ठ र उत्तम शास्ता कहलिए ।

अन्धविश्वासले उहाँको शिक्षालाई नमानोस् भन्ने उहाँको चाहना थियो । उहाँले कालामाहरूलाई एक ठाऊँमा केवल शास्त्र वचनको आधारमा कुनै कुरा स्वीकार गर्नु हुँदैन भनेर भन्नुभएको थियो । साथै उहाँले यो पनि भन्नुभयो यो श्रमण हाम्रो गुरु हो, यसको प्रति मेरो मनमा गौरवको भाव छ त्यसैले यिनको कुरा मान्नु पर्छ भन्ने पनि नथान्नु । त्यस्तै यो श्रमण भव्य रुपवान छ, यसको व्यक्तित्व प्रभावशाली छ त्यसैले यसको कुरा मान्नु पर्छ भन्ने नथान्नु ।

यी दुबै कुरा उहाँमा नै निहीत थियो । तथागत गौरवशाली पनि थिए र भव्यरुपवान पनि थिए । त्यसैले राम्ररी सोच-विचार नगरी अन्धविश्वासको आधारमा उहाँको कुरा पनि नमान्नु भन्ने थियो । उहाँले आफ्नो शिक्षार्थीहरूलाई पनि यही नियम लागू गर्नु भएको थियो । शायद मानव इतिहासमा यस्तो अद्‌भुत धर्म-शिक्षक अर्को देख्न पाइएन । जसले आफूलाई अरुमाथि लाद्नुको साटो आफूलाई जाँच्नको लागि आफैले आह्वान गरेको थियो ।

जसलाई ध्यान समापत्तिद्वारा परचित ज्ञानको अभिज्ञा प्राप्त भईसक्यो उस्ले त आफ्नो चित्तले तथागतको चित्तलाई हेरेर थाहा पाउँछ कि उहाँ साँच्चीकै सम्यक सम्बुद्ध भईसकेको रहेछ । तर जसलाई यस्तो सिद्धि प्राप्त भएको छैन उनीहरूलाई भिन्न भिन्न प्रकारले जाँच्नको लागि सल्लाह दिनुभयो । जस्तो सूनलाई कसौटीमा घोटेर, जाँचेर स्वीकार गरिन्छ त्यस्तै आफ्नो गुरुलाई जाँचेर मात्र स्वीकार गर्नु पर्छ, चाहे त्यो तथागत नै किन नहोस् ।

त्यस समयमा पाँच प्रकारका नक्कली शास्ता थिए :-

१) कोही शास्ता दुःशील भएर पनि सुशील भएको दावी गर्थे ।

२) कोही शास्ता अशुद्ध आजीविका यापन गरेर पनि शुद्ध आजीविका यापन गरेको दावी गर्दथे ।

३) कोही शास्ता अशुद्ध धर्मोपेदशक भएर पनि शुद्ध धर्मोपदेशक भएको दावी गर्दथे ।

४) कोही शास्ता गलत व्याख्या गर्ने भएर पनि सही व्याख्या गर्ने दावी गर्दथे ।

५) कोही शास्ता अशुद्ध ज्ञान दर्शन सम्पन्न भएर पनि शुद्ध ज्ञान-दर्शन सम्पन्न भएको दावी गर्दथे ।

यिनीहरूको तुलनामा तथागत शुद्ध शील सम्पन्न भएको कारणले शुद्ध शील भएको दावी गर्नु हुन्थ्यो । त्यस्तै शुद्ध आजीविका यापन गर्ने भएकोले शुद्ध आजीविका भएको, शुद्ध धर्मोपदेशक भएको कारणले शुद्ध धर्मोपदेशक भएको, सही व्याख्याता भएको कारणले सही व्याख्याता भएको र शुद्ध ज्ञान-दर्शन सम्पन्न भएकोले शुद्ध ज्ञान दर्शन सम्पन्न भएको दावी गर्नु हुन्थ्यो ।

जो नक्कली गुरुहरू थिए, उनीहरू आफ्नो वास्तविकता लुकाउनको लागि अनेक गलत प्रयत्न गर्दथे । उनका शिष्यहरू पनि यस कामका लागि गुरुको साथ दिन्थे । किनकि गुरुलाई प्राप्त दान-दक्षिणा, मान सम्मानमा उनीहरूले पनि भाग पाउँथे । यी सबै कुरा भगवानले गर्नु आवश्यक थिएन र उनका शिष्यहरूलाई पनि यी काम गर्नु पर्दैनथ्यो । उनको जीवन एउटा खुला पुस्तक झैं

थियो । उहाँको जीवनमा गुह्य, गोपनीय भन्ने केही छुँदै थिएन । त्यस समयका केही शास्ताहरू नास्तिकवादी विश्वास र मान्यता राख्दथे ।

१. कोही कोही नास्तिक शास्ताहरू यस्तो मान्दथे कि दान यज्ञ, होमको कुनै फल हुँदैन । कुनै सत्कर्म वा दुष्कर्मको राम्रो अथवा नराम्रो कुनै फल हुँदैन । कुनै लोक र परलोक हुँदैन । यस्तो कोही श्रमण अथवा ब्राह्मण छैन जस्ले लोक-परलोकको स्वयं साक्षात्कार गरेको होस् र यसको बारेमा अरुलाई बताउन सकुन् । मानिस चार महाभूतबाट बनेको हुन्छ । मृत्यु पछि पृथ्वी तत्व पृथ्वीमा, जल तत्व जलमा, वायु तत्व वायुमा र अग्नि तत्व अग्निमा गएर मिल्छ । इन्द्रियहरू आकाशमा मिसिन्छन् । लाश जलाएपछि त्यसको हाड र खरानीमात्र बाँकी रहन्छ । मूर्ख होस् अथवा पण्डित मरेपछि सबै नष्ट नै हुन्छन्। मरेपछि केही बाँकी रहन्न । त्यसैले दान-पुण्यको मान्यता मूर्खतापूर्ण हो ।

२. कोही शास्ता यस्तो मत मान्दथे कि अरुलाई दुष्कर्म गराउँथे, अरुलाई मार-काट् गर्न लगाउँथे, उनीहरूलाई दु:खी, हैरान, ब्याकुल बनाउँथे । चोरी गरेमा, गाऊँ लुटेमा, घर लुटेमा, डाँका डालेमा, ब्यभिचार गरेमा अथवा भूठो बोलेमा कुनै पाप लाग्दैन भन्ने विचारका थिए । खुकुरी जस्तो धारिलो चक्रले यस पृथ्वीका प्राणीहरूलाई काट्दै मासुको एक थुप्रो बनाए पनि कुनै पाप लाग्दैन । यस्तै धेरै भन्दा धेरै दान दिए पनि त्यसको कुनै पुण्य हुँदैन ।

३. कोही शास्ताहरू यस मतलाई मान्दथे कि कोही प्राणीको चित्त दु:खी हुनुको कुनै कारण छैन । त्यस्तै कसैको चित्त विशुद्धी हुनुको पनि कुनै कारण छैन । विना कारणले नै प्राणी विशुद्ध र विमुक्त हुन्छन् । कुनै बल, वीर्य, पुरुषार्थ अथवा पराक्रमको काम छैन । सबै प्राणी अवल छन्, अवश छन् सबै भाग्यको अधीनमा छन् ।

४. कोही शास्ता यस्तो मतका थिए कि पृथ्वी, अग्नि जल, वायु, सुख, दु:ख र जीव- यी सात तत्व अमर छन्, यी कहिले पनि मर्दैनन्, मार्न सक्दैनन् । यी अचल छन्, अमर छन्, ध्रुव छन् । कसैले कसैलाई हानी अथवा लाभ गर्न सक्दैन, न सुख-दु:ख दिन सक्छ । न कसैले हत्या गर्दछ, न हत्या गराउँछ । कसैले कसैको टाउको काटे पनि त्यसलाई हत्या भनिदैन । किनकि शास्त्र यी सात अमर तत्वलाई मान्दछ सबै प्राणीले चौरासी हजार महाकल्पसम्म भव संस्सरण गर्नु पर्छ तब मात्र दु:खबाट मुक्त हुन्छ । सुख र दु:ख नापी-तौलिएको हुन्छ । त्यसमा कुनै घटबढ हुँदैन । कुनै शील पालन गरेर, व्रत गरेर, तपश्या गरेर अथवा ब्रह्माचरणद्वारा दु:ख हताउन सक्दैन ।

उपरोक्त बुँदाहरूका विपरीत तथागत आस्तिकवादी शास्ता हुनुहुन्थ्यो । ती चार प्रकारका शास्ताहरूका शिक्षा शुद्ध धर्माचरणमा आधारित थिएन, भगवानको शिक्षा शुद्ध धर्माचरणमा आधारित थियो । तथागत कर्म र कर्मफलको अटूट सिद्धान्तलाई स्वयंले जानेर मान्दथे, लोक र परलोकलाई आफैले थाहापाएर मानेका थिए । कारण-कार्य अर्थात् हेतु-परिणामको नियमलाई स्वयंले थाहापाएर मानेका थिए । बल, वीर्य, पराक्रम, पुरुषार्थका सुफललाई आफैले अनुभव गरेर मानेका थिए । समस्त संसारका प्राणीहरू तथा वस्तुस्थितिहरुको परिवर्तनशील स्वभावलाई आफैले देखेर मानेका थिए । शील, व्रत, तपश्या र ब्रह्माचरणबाट नै दु:ख हट्छ भन्ने स्वयंले अनुभव गरेर मानेका थिए ।

त्यस समयमा प्रचलित नास्तिकवाद र आस्तिकवादको यस्तो व्याख्या थियो । पछि आएर यस्को व्याख्या फरक हुन गयो जुन भगवान बुद्धको समयमा त्यस्तो थिएन यसलाई राम्ररी बुझ्नु पर्छ । भगवानको समयको प्रचलन अनुसार तथागत परम आस्तिकवादी शास्ता हुनुहुन्थ्यो ।

*(साभार: बु.व. २५५०, वि.सं. २०६३, वर्ष-२३, अङ्क-१)*

## भूल सुधार

धर्मकीर्ति पत्रिकाको वर्ष २४, अङ्क ७ सकिमना पुन्ही अङ्कको पेज २१ मा "साधुवाद प्राप्त गर्नु हुने संघ संस्था एवं व्यक्तिहरू" शिर्षक अन्तर्गतको नं. (४) मा गुह्य रत्न शाक्य रु. ४००।- हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्याई पढ्न हुन अनुरोध गरिन्छ । – सम्पादक



Downloaded from http://www.dhamma.digital

# सही बुद्ध वन्दना-१

■ सत्यनारायण गोयन्का

"अहं सुगत ते माता त्वं च वीर पिता मम"

"हे सुगत । म तिम्री आमा हुँ । र हे वीर तिमी मेरो बाबु हौ ।"

१२० वर्षको पूर्ण वृद्धावस्था । देह त्याग्ने र परि निर्वाण प्राप्त गर्नको पूर्ण तयारी । यस्तो समयमा महाप्रजापती गौतमीद्वारा भगवान् बुद्धप्रति प्रकट गरिएको यो उद्‌गार कति अप्ठ्यारो लाग्दछ । तर साथै कति सार्थक पनि ।

बालक सिद्धार्थ गौतम जन्मेको ७ दिनमा नै टुहुरा भए, मातृ विहिन । महामायाकी बहिनी, राजा शुद्धोधनद्वारा विवाहित महाप्रजापतिबाट नै सिद्धार्थ गौतमको पालनपोषण भयो । उनी नै ममतामयी क्षीर दायिनी बनिन्, आफ्नो दूधे बालक नन्दलाई पनि दूध पिलाउन छुटाएर । त्यसैले भन्दछिन् "अहं सुगत ते माता" हे सुगत म तिम्री आमा हुँ ।

माता गौतमीले वृद्धावस्थामा अत्यन्त आग्रह गरेपछि भगवानद्वारा प्रव्रज्या प्राप्त गरे अनुसार भिक्षुणी बनेर बिपश्यना साधना कठोरताका साथ पालन गरेर सारा कर्म क्लेशबाट मुक्त भएर अर्हत बनिन् । जस्ले जस्ले भगवानको सद्धर्म प्राप्त गरी मुक्ति प्राप्त गर्‍यो ति सबै पुरुष भगवान्‌को औरसपुत्र र स्त्री भगवानको औरसपुत्री । त्यसैले भनिन् "त्वं च वीर पिता मम" । हे बीर तिमी मेरो बाबु हौ ।

मृत्यु शैयामा रहेकि परम साध्वी महाप्रजापती केही क्षणमा नै यो शरीर छोड्ने छिन् । यो उनको अन्तिम मृत्यु हो । त्यसैले अति प्रसन्न छिन् । पुन: जन्म लिनु नपर्ने गरी उपकार गर्ने बाबुप्रति यसरी कृतज्ञता प्रकट गर्दछिन् । हे बुबा ! तिमीले मलाई सद्धर्ममा जन्म दियौ हे पुत्र ! मैले तिमीलाई आफ्नो स्तनको दूध पिलाएर क्षणिक प्यास बुझाएँ । तर हे पिता ! तिमीले मलाई सद्धर्मको परम शान्तिदायी अमृत पिलाएर जन्म जन्मको तृष्णा बुझायौं । हे पुत्र ! मैले तिम्रो भौतिक शरीर रक्षार्थ दूध पिलाएँ । बदलामा तिमीले मलाई निर्मल धर्मकायाको रक्षार्थ अमृत पिलायौ । यस संसारमा कुनै नारीको लागि राजमहिषि वा राजमाता कहलिनु सुलभ होला तर परम बुद्धमाता कहलिनु अत्यन्तै दुर्लभ छ । हे पुत्र ! तिम्रै कारण यो गौरवशाली पद प्राप्त भएको छ ।

निष्काम सेवाभावी र कृतज्ञ हुनु दुबै अनमोल सद्‌गुण हुन् । धर्म निष्ट व्यक्ति यी दुर्लभ गुणहरू स्वभावैले सम्पन्न हुन्छ । त्यसैले साध्वी प्रमुखा महाप्रजापतीको कृतज्ञताले भरिएको यी हृदय उद्‌गारका एक एक शब्दबाट धर्मरस चुहिन्छ ।

उनी आफ्नो अभिज्ञान धर्म बलको प्रतापले पूर्व जन्मको स्मरण गर्दै भन्छिन् 'यस संसारमा कतिपल्ट माता, पुत्र, पिता, भाई बज्यै आदि बनें । परन्तु यथार्थ ज्ञान चक्षु विपश्यनाको अभावले यस भव चक्रमा, केही हात नलागे पनि, घुम्दै रहें ।

यसपल्ट मार्गदर्शक शास्तालाई चिनें । "परिचिण्णो मया सत्था"

यसपल्ट मैले भगवानको दर्शन गरीसकें । "दिट्ठोहि मे सो भगवान" र म युक्त भइसकें । यो मेरो अन्तिम शरीर हो । मेरो जन्म क्षीण भइसक्यो । आवागमन बन्द भयो, पूनर्भव छैन ।

मैले सारा दु:खहरूको परिज्ञान प्राप्त गरिसकें । त्यसैले दु:खको मुहान तृष्णालाई सुखाई सकें । आर्य अष्टाङ्गिक मार्गद्वारा निर्वाणरुपी परमसत्यको अनुभव गरि सकें । जसरी मेरो दु:ख क्षय भयो त्यसरी नै अरूको पनि आर्यज्ञान द्वारा दु:ख क्षय भएर जावस् ।

यस अवसरमा प्रजापति कृतज्ञता विभोर हुँदै आफ्नै स्वर्गीय दिदी महामायाको स्मरण गर्दै भन्दछिन् "हे माया ! तिमीले बहुजन हितको लागि नै गौतमलाई जन्मायौ । "बहूनं वत अत्थाय माता जनयि गौतमं !" र भगवान प्रति असीम श्रद्धा प्रकट गर्दै भन्दछिन् "हे भगवान तपाईंले मेरो र म जस्ता अनेकौंको दु:खवाट छुटाउनु भएको छ । प्राणिहरूमा सर्वश्रेष्ठ हे बुद्ध ! हे वीर ! तिमीलाई नमस्कार छ ।

जसलाई बुद्धलाई सही नमस्कार गर्ने तरीका राम्ररी थाहा छ । सही ढंगबाट गरेको नमस्कारबाट नै उ मुक्त भईन्न । त्यसैले कृतज्ञ हुँदै अरूलाई पनि त्यसै गर्न उपदेश दिन्छिन् ।

*क्रमश:*

# बिरामी हुँदाको अनुभव

■ भिक्षु अश्वघोष

गौतम बुद्धले भन्नु भएको छ संसारमा जन्म हुने मानिसहरू सबैले बुढाबुढी हुनुपर्छ, रोगी हुनुपर्छ र मर्नुपर्छ। यो प्राकृतिक नियम हो। बुढा हुँदा युवा अवस्थाको व्यवहार हुँदैन। कानले न सुन्ने, आँखा धमिलो हुने, दाँत झर्ने, कुप्रिने, कालो कपाल सेतो र नराम्रो हुने। बुढा-बुढी भएपछि सुद्धि हराउने विसिद्धि हुने बानी व्यवहार परिवर्तन हुने, स्मृतिहीन हुने भएकोले आफूले जन्माएका सन्तानहरूको पनि अप्रिय हुँदै जानुपर्ने हुन्छ।

रोग लागेपछि आफूमात्र नभइकन अरूलाई समेत दुःख हुन्छ। निरोगी भई बाँच्नको लागि पीरपर्ने गरी काम कुरा गर्नु हुँदैन, खाना समयमा र शरीरले पचाउन सक्ने खानुपर्छ। नचाहिने कुरा गर्ने ठाउँमा बस्नु हुँदैन। आफूले भने जस्तो भएमा, विचार धारा मिलेमा निरोगी भई बाँच्न धेरै सहयोग पुग्छ।

सबै मानिसहरू मर्नुपर्छ तर धेरै मानिसहरूलाई मर्नुपर्छ भन्ने कुराको सम्झना पनि त्यति छैन। त्यसैले यी तीनकुरा बुद्धको उपदेश सँधै सम्झना आउँछ।

म अहिले ८० वर्षको भएँ। शरीर बुढो भए पनि मन चाहिं जवान नै छ। धेरै काम गर्ने विचार पनि छ तर बिरामी भएँ। पहिले मलाई क्षयरोगले दुःख दियो। चीन गएर त्यसको उपचार पनि गरें। त्यसपछि पक्षघात (प्यारालाइसिस) भयो। ताइवानमा सम्मेलनको लागी जाने भनेर जाँदा बैंक्कमा तुरुन्तै अस्पतालमा भर्ना हुनुपर्‍यो। सात आठ दिनमा नै धेरै सञ्चो भयो। फर्केर आएँ। पिसाबको रोग पनि भएकोले ओम नर्सिङहोममा औषधि गरें। बैंक्कमा पक्षघातको उपचार गर्दा अस्पतालमा धेरै खर्च भयो। एक दिनको सात हजार रुपैया तिर्नुपर्ने। मलाई धेरै पीर पर्‍यो। मेरा एकजना शिष्य छन् मंगल। उनी ताइवानमा बसिरहेका छन्। उनी संघाराममा श्रामणेर भएका हुन्। अब त भिक्षु पनि बनिसके। अहिले धेरै सिकेर त्यहाँ अंग्रेजी, पालि, संस्कृत पढाइरहेका छन्। उनले अस्पतालमा तिर्नुपर्ने पैसाको बन्दोबस्त गरिदिए। अनि मात्र मन आनन्द भयो। त्यहाँ बसिरहँदा मेरै शिष्य कोण्डन्य र अरु नेपालीहरूले पनि सेवा गरे। ताइवानको सम्मेलनमा जानुपर्ने कोण्डन्यले त्यहाँ नगएर मेरो सेवा गरे। अरु शिष्यहरूले पनि सेवा गरे। पक्षाघात रोग त निको भयो, तर रुन मनलाग्ने र हाँस्न मन लाग्ने बानि बचेको छ।

अहिले म फेरि अचानक बिरामी परें। रगतको दिसा भयो। काठमाडौंको मोडेल अस्पतालमा मलाई भर्ना गरियो। त्यहाँ २१ पटकसम्म दिसा गर्दा रगत आयो। बाँचुला जस्तो पनि लागेन, तर मर्ने बेला नभइसकेको हुँदा रगत आउने क्रम रोकियो। त्यहाँ बस्दा मेरा शिष्यहरू भिक्षु राहुल, कोण्डन्य, सुशील, संघरक्षित, पालैपालो बसेर रातदिन सेवा गरे। धेरै सेवा गर्ने भिक्षु कोण्डन्य हुन्। त्यसपछि पनि अस्पतालबाट डिस्चार्ज भएपछि बुद्ध विहारमा दुई हप्ता बसेको थिएँ। यो विहारमा पहिले भिक्षु सुमंगल बस्नु हुन्थ्यो। उनको परलोकपछि अहिले भिक्षु कोण्डन्य यहाँका प्रमुख हुन्। उनले चाहिने सबै प्रबन्ध मिलाइदिएका छन्।

उपचारको लागि अस्पताललाई रकम तिर्नुपर्दा धेरै श्रद्धावानहरूले दान सहयोग गरे। दुइपल्टगरी जम्मा दुइहप्तासम्म अस्पताल बस्दा ८० हजार भन्दा बढी रुपैया खर्च भयो। दान आएको पैसा जम्मा एक लाख ७० हजार भयो। डिस्चार्जपछिपनि १०-१५ हजार औषधोपचारका लागि खर्च सकियो। अस्पतालमा बस्दा श्रद्धावानले दान दिएको देख्दा राम्रो काम गर्नुपर्दोरहेछ भन्ने अनुभव भयो। बुद्धशासन बलियो हुने बुद्धको शिक्षा प्रचार हुने काम गरेको छु जस्तो लाग्यो। नत्र मलाई यति धेरै श्रद्धावानहरूले मान्ने थिएनन्। धर्मकीर्ति अध्ययन गोष्ठीमा म बारम्बार शिक्षा दिने गर्दथें। त्यहाँ भएका धेरैमध्ये एकजना सदस्यले मलाई १७ हजार रुपैयाँ दान दिए। मलाई सहयोग गर्ने सबैको नाम लेखिराख्न धर्मकीर्ति पत्रिकालाई भनें। तर उनले अनुरोध गरे कि उनको नाम पत्रिकामा नछापियोस्। किन भनी सोध्दा उनले भने "मैले नाम राख्नका लागि, नाम कमाउनको लागि तपाईंलाई सहयोग गरेको होइन। तपाईं मेरो गुरु हुनुहुन्छ, म तपाईंको शिष्य। तपाईंको सेवा गर्नु मेरो कर्तव्य हो।" उनको भनाइले मलाई प्रभावित तुल्यायो। उनको कुराले मलाई आनन्दित तुल्यायो। यहाँ यस्ता मान्छे पनि हुन्छन् जसलाई सानो काम गर्दा पनि ठूलो प्रचार चाहिन्छ। त्यस्तै सहयोग गर्नेहरूमा भाइराजा तुलाधरले ११ हजार, धर्मकीर्ति स्वास्थ्य कोषले १० हजार, धर्मकीर्ति मिजंपुचः धनबहादुर प्रमुखले १० हजार, धर्मकीर्ति इन्द्रमान पुचःले १० हजार, शिष्यहरू ७ जनाले ५।५ हजार गरेर ३५ हजार, भक्तपुर युवा बौद्ध पुचः श्याक्यान प्रमुखले ६ हजार, धर्मकीर्ति उपासिका चम्पा र चन्द्रदेवीहरूले ११ हजार सहयोग गरेका छन्।

बिरामी हुँदा हेर्न आउने धेरैले भने भन्ते, तपाईंले धर्म गरिराख्नु भएकोले तपाईंलाई धर्मले रक्षा गर्‍यो। बुद्धले भन्नु भएको छ– "**धम्मो हवे रक्खति धम्मचारी।**" अर्थात्– धर्म गर्नेलाई धर्मले रक्षा गर्छ। अस्पतालमा रहँदा एकजना डाक्टर थिए 'भन्ते' भन्न जान्ने। उनको भन्तेहरूसंग संगत छ जस्तो देखिन्छ। उनी बारम्बार भन्ने गर्थे– तपाईं धर्ममा बस्नु भएको धर्म गर्नु भएको, मन बलियो बनाउनुपर्छ धर्म गर्नेलाई धर्मले रक्षा गर्छ। उनको कुराले मनमा आनन्द लाग्थ्यो। मलाई जति पनि सम्मान र दान प्राप्त भयो, यो सबै मैले केही काम गरेको भएर नै मलाई मानिसहरूले मलाई सम्मान गरेका हुन् जस्तो लाग्छ। तसर्थ यसपछि पनि धर्मप्रचारको काम गर्न प्रयत्नमा लाग्नेछु र स्वास्थ्योपचारमा प्रयोग गर्नेछु। जसले म बिरामी पर्दा सेवा र सहयोग गरे तिनीहरू सबैको निरोगीताको कामना गर्दछु। कोही पनि रोगी नहोस्, सबैको भविष्य उज्ज्वल र मंगल कामना गर्दछु। ■



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१९४

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**न तेन होति धम्मट्ठो-येनत्थं सहसा नये**
**यो च अत्थं अनत्थञ्च-उभो निच्छेय्य पण्डितो**
**असाहसेन धम्मेन-समेन नयती परे ।**
**धम्मस्स गुत्तो मेधावी-धम्मट्ठो ति पवुच्चति**

अर्थ- विना विचार गरी एकै चोटी निर्णय गर्नेलाई न्यायाधीश भनिंदैन । जुन पण्डितले सत्य र झूठोको निर्णय गरेर धैर्यपूर्वक हतार नगरी अर्काको झगडालाई बिना पक्षपात गरी निसाफ गर्छ, त्यस्ता व्यक्तिलाई धर्म रक्षा गर्ने न्यायाधीश भनिन्छ ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बसीरहनु भएको बेला विनिश्चय महामात्यको कारणमा भन्नु भएको थियो ।

एकदिन केही भिक्षुहरू श्रावस्ती नगरको उत्तर ढोकातिरको ग्राममा भिक्षाटन गर्न गएका थिए । भिक्षाटन पछि विहारतिर फर्कंदा शहरको बिच बिचबाट हिँडे । आकाशतिर बादल छायो र बर्षा भयो । पानीबाट बच्न तिनीहरू अगाडि पर्ने एउटा न्यायालय भित्र पसे । न्यायालय भित्र तिनीहरूले हकवालालाई मुद्दामा हराई हक नभएकोले जिताई अधार्मिकपूर्वक न्याय गरीरहेको देखे । तिनीहरूले सोचे- "अहो यिनीहरू त अधार्मिक पूर्वक न्याय गर्दा रहेछन् । हामीले त यिनीहरूले न्यायपूर्वक निसाफ दिलाउँछन् भनी ठानेका थियौं ।"

पानी रोकेपछि भिक्षुहरू विहारतिर फर्के । भगवान बुद्ध समक्ष पुगी वन्दना गरे र न्यायालयमा अधर्म पूर्वक निसाफ दिलाइरहेको कुरा सुनाए । तिनीहरूको कुरा सुनेपछि भगवान बुद्धले भन्नु भयो- "भिक्षुहरू ! दुष्ट मनले छन्दको बसमा परी विना बिचार गरी न्याय गर्नेलाई न्यायाधीश भनिंदैन । दोषलाई ठीक ठीकसँग विचार गरी, अपराध भित्र प्वाल छिरी, अपराध डबाई, अपराध अनुसार दण्ड दिने साहस गरी विनिश्चय गरेमा मात्र वास्तवमा न्यायाधीश भनिन्छ ।"

यसरी आज्ञा हुनु भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

# झीगु संस्कृति

■ किशोर धुसः

बुद्धया जन्मभूमि झी जन्म जुयका
ज्वीमज्यु नामं जक झी बौद्ध तायका
धर्मगुण सिइका आचरण भिंका
मभिं मस्वये सुयातं नुगः कयेकुंका

कर्म न्हिथं याये हिचःति हायका
कमाइ जुलं म्हो जक खर्च अप्वः मायका
दुपिनिगु स्वलाः स्वलाः नखः न्यायका
थः थितिपिसंतुं भ्वासि मनू धायका

संस्कृति हनी बिकृति ल्वाक ज्याय्का
धर्म याना भाःपाः बान्हि प्वाः द्याँलाय्का
कचिला, छ्वयेला अले कवाफ दायका
सलिंचाय् ज्वाइयाँ अयलाः लुय्का

❀

न्हिछिलाछि न्ह्याइपुकिइ सुखथें ताय्का
साः भिंभिं सवाः काकां प्रमादि जुइका
नखः निखः सिधय्वं साउतीं क्यंका
कन्हे छुयाये धायेमाली इलं मलाय्का

उकिं, आः नं इलंलाःनि मनं वाःचाय्का
धर्म व संस्कृतियात तिफ्याय् सय्का
सुखि ज्वी जीवन स्व अप्रमादी जुयका
ल्युल्यु किपालुथें पुण्यफलं ल्यूवयेका

मांबौ यात झीसं द्योभाः पिइ फय्काः
प्रज्ञाया सिन्हः तिनां शीलं क्वखाय्का
लां प्वाथना मखु नत अयलाखं कायका
नखः चखः हने झीसं नुगः स्वाँ ह्वय्का

– त्रि-शरण गमन –

# मतकभत्त जातक

■ प्रकाश बज्राचार्य

बिहान सबेरै उठेर नदीमा गई स्नान गरी निधारमा टीका लगाई शरीर शुद्ध पारी तैयार भइसकेको थियो त्यो ब्राह्मण । उसका चेलाहरू पनि पवित्र जलले स्नान गरी सफा धोति लगाएर ब्राह्मणको घरमा भेला हुन थाले । ब्राह्मणको घर बिहानैदेखि गोबरले लिपपोट गरी पवित्र पारिसकिएको थियो ।

आज श्राद्ध थियो ब्राह्मणको घरमा । ब्राह्मणको बाबुको श्राद्ध थियो । त्यसैले सामाजिक चालचलन अनुसार घरलाई शुद्ध पारिसकेको थियो । आफू पनि गंगाजलले नुहाएर शुद्ध भएँ भन्ठानेको थियो । वेद मन्त्रोचारण गर्दै श्राद्धलाई आवश्यक सामानहरू बटुल्दै थिए ब्राह्मणले । सबै कुराको जोडजाम भयो । तर श्राद्धमा बलिदिने बोका गायब !

बोकालाई बलि नदिई श्राद्ध पूर्ण हुँदैनथ्यो । बोका आवश्यक थियो । अत्यावश्यक थियो । सबै कुरो सुचारु तरिकाले भइरहेकोमा बोका नभइदिनाले अलमलियो । ब्राह्मण चेलाहरूदेखि पड्किए, "के हेरिराख्छौ तिमीहरू ! हिजै भनेको हैन तिमीहरूलाई बोका ल्याउन बिर्सेला भनेर ? लठेब्राहरू ! जा तुरन्तै एउटा बोको खोजेर ल्या ।"

गुरुको अगाडि चां चुं गर्न नसक्ने चेलाहरू बोका खोज्न भनेर बाहिर लम्के । ब्राह्मण चाहिं घरको आंगनमा बसी रीसले बर्बराइराखे । केही बेरपछि चेलाहरूले साँच्चै एउटा बोका फेला पारेर ल्याएछ । बोका देख्नासाथ ब्राह्मणको अनुहार तेजिलो भयो ।

"लौ अब के हेरिराख्या नि ? जाऊ, छिट्टै गएर बोकालाई नदीमा लगी शुद्ध पारेर ल्याऊ । साइत बित्न लागि सक्यो ।" ब्राह्मण हतारिए ।

बढ्ता कुरा गरिराख्नु व्यर्थ ठानी ब्राह्मणका चेलाहरूले बोकालाई घसन्दै नदीतिर लगे । नदीमा पुगे । एकजना चेलाले बोकालाई नुहाउन थाले । अर्को माला गाँस्न फुलहरू टिप्नमा लागे । अर्को चन्दन घोट्नमा लागे । बोकालाई स्नान गराइसकेपछि चन्दन लेपन गरियो । फूलको माला घाँटीमा लगाइयो । बलिको बोको बलि दिनलाई तैयार गरियो ।

"ऐ, ऐ ! बोका त हाँसे जस्तो छ नि ।" एक जनाले अकस्मात भने ।

"धत् ! बोका पनि हाँस्छ र ?" अर्कोले गिल्ला गरे । "साँच्ची हो ल । लौ- लौ, हेर - हेर फेरि हाँसेछ हेर ।" पहिलोले औंल्याए । सबैले हेरे । साँच्चै रहेछ । बलिको बोको हाँसिरहेको ।

सबै जिल्ल । सबै पक्क ।

अचानक बोकाको आँखाबाट आँसु चुहिन थाल्यो । बोका रोयो ।

आश्चर्यको कुरो थियो । बोका हाँसेको उनीहरूले कहिल्यै देखेको थिएन । बोका रोएको उनीहरूले कहिल्यै सुनेको थिएन । के के अपशकुन हो यो भन्दै उनीहरू हतार हतार गरी बोकालाई लिएर फर्के ।

उता श्राद्ध मण्डपमा श्राद्ध गर्न कसिएर बसिरहेका थिए ब्राह्मण । बलिको बोकाको लागि पर्खिरहेका थिए । त्यसैले आफ्नो चेलाहरूले बोकालाई शुद्ध पारी ल्याएको देख्नासाथ ब्राह्मणको मुख तेजिलो भयो । हतनपत बोका काट्ने तलवारमा चन्दन लेपन गर्नमा लागे ।

बोकालाई शुद्ध पारी ल्याउने ब्राह्मणका चेलाहरू बोका लिई त्यसै उभिरहेको देखेर ब्राह्मणले सोधे- "क्या हो ! के भयो अब ?"

"गुरुवर ! आज अनौठो कुरो भयो ।" एकले भने ।

"दुई अनौठो कुरा भए, गुरुवर ।" अर्कोले बीचैमा काटे । ब्राह्मण सुन्न उत्सुक भए ।

"आज हामीले बलिको बोकालाई पहिले हाँसेको, पछि रोएको देखें ।"

ब्राह्मण पत्याएनन ।

"साँच्चै हो, हामी तीनैजनाले राम्रैसंग देखेको ।" अर्कोले सही थापे ।

अद्‌भूत कुरो थियो । ब्राह्मण आश्चर्य भयो । नपत्याएकोले त्यो अनौठो बलिको बोकालाई तलदेखि



Downloaded from http://www.dhamma.digital

माथिसम्म हेरे ब्राह्मणले ।

अचानक बोकाले बोल्यो– "साँचो कुरो हो, ब्राह्मण ! म हाँसेको पनि थिएँ, रोएको पनि थिएँ ।"

सबै चकित भए । अनौठो आश्चर्यको कुरा थियो । बोकाले मानिसको बोलीमा कुरा गरेको सुनेर सबैले एक अर्काको मुख हेर्न थाले ।

केही बेरपछि अलि हिम्मत गरी ब्राह्मणले सोधे - "किन नि ?"

बोकाले भन्यो– "म हाँसें किन कि यो मेरो अन्तिम बोका जीवन हो । म लगातार ४९९ पटक बोका भएर जन्मिसकें र ४९९ पटक बलिको लागि काटिएर मरिसकें । यो मेरो ५०० औं बोके जीवन हो । आज मलाई बलीको लागि काटिसकेपछि म मुक्त हुनेछु । म फेरि मानिस नै हुनेछु ।"

ब्राह्मणले फेरि सोधे– "रूनु भएको किन नि ?"

बोकाले भन्यो– "म पनि पहिले तिमी जस्तै विद्वान ब्राह्मण थिएँ । र मैले बलिको लागि बोका काटेको हुनाले ५०० जन्मसम्म म बोका भएर जन्मनुपरें, ५०० जन्मसम्म गर्धन काटिएर मर्नुपर्‍यो । आज तिमीले मलाई मार्दैछौ । अब तिमी पनि म जस्तै ५०० जन्मसम्म बलिको बोका भएर जन्मनु पर्नेछ । तिम्रो भविष्यदेखि माया लागेर रोएको हुँ म ।"

ब्राह्मणको कान ठाडो भयो । बलि दिनाले यस्तो नारकीय जीवन पाउँछ भन्ने उसलाई थाहा थिएन । बलि दिनाले स्वर्ग पाउँछ भन्ने झुठ्ठा धारणा थियो उसको । काँपेको स्वरमा उसले भने- "त्यसो भए म तिमीलाई मार्दिन । आज देखि सबै बलि बन्द । तिमीले मेरो आँखा खोलिदियौ । तिमी मुक्त भयो । जहाँ जान्छौ जाऊ ।"

"मेरो कर्ममा लेखिसकेको कुरो हो । मलाई आज मर्नु नै छ । तिमीले नमारे पनि म आज मर्ने छु ।" बोकाले जवाफ दियो ।

"तर हामीले तिमीलाई मार्न दिने छैनौं । आज दिनभरी हामी तिम्रो पछि पछि लाग्छौं ताकि कसैले तिमीलाई मार्न नसकोस् ।" ब्राह्मणले संकल्प गरे ।

बोकाले बढी बोल्नु व्यर्थ ठानेछ क्यारे, खुरुखुरु आफ्नो बाटो लताएछ । ब्राह्मण र उसका चेलाहरू पनि पछिपछि लागे । एक ठाउँमा बोकाले घाँस खाइरहेको बेलामा माथिबाट एउटा धारिलो ढुंगा खसी बोकाको गर्धनमा बज्रन आयो । बोकाको टाउको छिनियो । तत्कालै मृत्यु भयो ।

यो घटना देख्ने त्यहींको रूखमा बस्ने वृक्ष देउताले भने- "जसले पशु बलि दिन्छ, उसको भविष्य सप्रन्दैन । उसले नरक पाउँछ, स्वर्ग होइन ।"

यो जातक कथा भगवान् बुद्धले त्यतिबेला प्रचलित बलि प्रथाको विरोध जनाउन भन्नुभएको थियो । यसमा वृक्ष देवता हुने स्वयं बोधिसत्व थिए । ■

## मानव धर्मया मर्म छुखः ?

■ आनन्द मानसिं तुलाधर

मानव धर्मया मर्म छुखः म्हसिईकेत
कना बिज्याइ हेतु गुरुमां धम्मवती ।
मयूतले अनेक उपमा ब्युब्यूं
कनायती व्याख्या छुसिकथं ।
वस्पोलहे खः छम्ह प्रज्ञारूपिकान्तिया न्ह्यलुवा ।
बौद्ध जगतय् निभाः जः बिइम्ह ।
बुद्ध कनावंगु समस्त पीटक ग्रन्थया,
प्रसिद्ध ज्ञाता खः छ्ःपिं अग्गमहागन्थवाचक पण्डितनं
रूपक, नाटक, एकांकि मखुथ्व ।
सत्य घटनाखः बुद्ध कनावंगु ।
मरु थ्व विश्वय् असम्भव धैगु छुं हे ।
यानाः केनावन तपस्यां बुद्ध जुया वंगु ।
थौंया लागी छगू थ्व मजूला नजिर म्हीत ।
सुनानं याय् मफुगु यानावंगु ।
अकिं भ्हीपिं जागरूक जुइनु थुगु ज्ञां कायत ।
छपला न्ह्यज्यायनु माःथाय्तक्क ।
लिचिलाः मखु इलं मलाःसा
संस्कारया पुसा जकसां पिनावनेनु ।
थुगु जुनी मरूसां न्ह्यायम्वा छुतिं
हाकनं वैगु जुनिया लागी छुनावनेनु भिंगु लंपु ।
आशिका जिमिगु थुलिहे भगवन्
सकल प्राणी महामानव जुई फय्मा ।
। भवतु सब्ब मंगलं ।

# नेपालका संघउपनायक पूज्यपाद भिक्षु अश्वघोष महास्थविरको स्वास्थ्य उपचारसम्बन्धी जानकारी

पूज्यपाद संघउपनायक भिक्षु अश्वघोष महास्थविर (धर्मकीर्ति बौद्ध मासिकका प्रधान सम्पादक) अस्वस्थ हुनुभई दुईपटक काठमाडौंस्थित मोडेल हस्पिटलमा भर्ना हुनुभएको थियो । पहिलो पटक सुगरसम्बन्धी रोगका कारण तथा दोश्रोपटक मलद्वारबाट रगत बगेका कारण अस्पतालमा भर्ना हुनुभएको थियो भने उपचारपछि बुद्ध विहार भृकुटीमण्डपमा स्वास्थ्य लाभ गर्दै बस्नुभएको थियो । उपचारको दौरानमा उहाँको स्वास्थ्यलाभको कामना गर्न भिक्षु, श्रामणेर, प्रव्रजित गुरुमांहरू, उपासकोपासिका तथा श्रद्धालुहरू पुगेका थिए । पहिलो पटक २०६३ भाद्र १९ गतेदेखि २५ सम्म तथा दोश्रोवार २०६३ भाद्र ३० गतेदेखि आश्विन ११ गतेसम्म अस्पतालमा भर्ना गरिएको थियो । अस्पतालमा उपचार गराइरहँदा उहाँको स्वास्थ्यलाभको कामना गरी श्रद्धालुहरूबाट आर्थिक सहयोग प्राप्त भएको थियो । पूज्यपाद संघउपनायक भिक्षु अश्वघोष महास्थविरकै इच्छानुसार प्राप्त आर्थिक सहयोग एवं औषधोपचारमा भएगरेका खर्च विवरण सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्ने मनसायअनुरूप प्राप्त रकममध्ये रु. ५००।- (पाँचसय) सम्मलाई यथासम्भव समेट्ने जमर्को गरी अन्य रकमलाई एकमुष्ट चानचुन रकमको रूपमा प्रस्तुत गरिएको छ । यथार्थतः कसैले पनि सार्वजनिक रूपमा सहयोगीहरूको नाम तथा रकमबारे प्रकाशन गर्लान् भन्ने सोचेका हुँदैनन् भने त्यस्तो चाहना राखेका पनि हुँदैनन् र पनि प्रस्तोताबाट पूज्यपाद भन्तेकै चाहनाअनुरूप सक्दो सहयोगी दाता एवं रकमसमेत उल्लेख गर्ने प्रयास गरिएको छ । यसबाट कसैलाई असजिलो पर्न गएमा प्रस्तोता क्षमा प्रार्थीसहित विवरण प्रस्तुत गर्दछ ।

| | | | |
|---|---|---|---|
| १) | धर्मकीर्ति अध्ययन गोष्ठीका एक सदस्य | रु. | १७,०००।- |
| २) | द्रव्यमान सिं (भाइराजा) तुलाधर, लालदरवार | रु. | १०,०००।- |
| ३) | धर्मकीर्ति स्वास्थ्य कोष | रु. | १०,०००।- |
| ४) | ईन्द्रमान पुचः, धर्मकीर्ति विहार | रु. | १०,०००।- |
| ५) | धन बहादुर पुचः, धर्मकीर्ति विहार | रु. | १०,०००।- |
| ६) | गुरुमां माधवी, यशोधरा विद्यालय, थैना | रु. | ६,०००।- |
| ७) | चम्पा महर्जन | रु. | ६,०००।- |
| ८) | शाक्यान शाक्यसहित युवा बौद्ध पुचः, भक्तपुर | रु. | ६,०००।- |
| ९) | भिक्षु मिलिन्द, धर्मचक्र विहार | रु. | ५,५५५।- |
| १०) | लोक बहादुर श्रेष्ठ परिवार, पूर्व मुख्यसचिव | रु. | ५,१००।- |
| ११) | भिक्षु राहुल, ध्यानकुटी विहार | रु. | ५,०००।- |
| १२) | भिक्षु भद्दिय, यम्पि महाविहार, ईबही | रु. | ५,०००।- |
| १३) | भिक्षु कोण्डन्य, बुद्ध विहार भृकुटीमण्डप | रु. | ५,०००।- |
| १४) | भिक्षु सुशील, बुद्ध विहार भृकुटीमण्डप | रु. | ५,०००।- |
| १५) | भिक्षु संघरक्षित, आनन्द भूवन विहार, स्वयम्भू | रु. | ५,०००।- |
| १६) | गौरी मानन्धर, बनेपा | रु. | ३,०००।- |
| १७) | अमृतरत्न (सीवली) स्थापित, लण्डन | रु. | २,०००।- |
| १८) | सुश्री नानु शाक्य, शंखमूल | रु. | २,०००।- |
| १९) | सर्मिस्था उदास | रु. | २,०००।- |
| २०) | दिवंगत हिराशोभा तुलाधरया स्मृति, जनबहाः | रु. | २,०००।- |
| २१) | मचाम महर्जन, कालधारा | रु. | २,०००।- |
| २२) | इन्द्रकुमार व पासापिं, धर्मकीर्ति | रु. | २,०००।- |
| २३) | गुरुमाँ ञाणसीला पुचः, शाक्यसिंह विहार | रु. | १,८००।- |
| २४) | डा. विश्वमान वज्राचार्य, तानसेन | रु. | १,७२०।- |
| २५) | सुश्री सकुन्तला प्रधान, ठमेल | रु. | १,५००।- |
| २६) | सानुरत्न स्थापित, ज्याठा | रु. | १,५००।- |
| २७) | सुश्री चित्राशोभा तुलाधर, तीनधारा | रु. | १,५००।- |
| २८) | गुरुमाँ रुपशीला, बलम्बु विहार | रु. | १,१३०।- |
| २९) | रुद्रमान व हिरादेवी शाक्य, नागबहाः | रु. | १,१००।- |
| ३०) | श्रीमान व श्रीमती डा. भद्रमान तुलाधर, KU | रु. | १,१००।- |
| ३१) | शारदा वज्राचार्य | रु. | १,१००।- |
| ३२) | भिक्षुपिं सद्धातिस्स व कोलित, संघाराम विहार | रु. | १,१००।- |
| ३३) | गुजेश्वरी श्रेष्ठ, कीर्तिपुर | रु. | १,००५।- |
| ३४) | गुरुमाँ सद्धावती व माँ, शंखमूल | रु. | १,००५।- |
| ३५) | रीना तुलाधर, लालदरवार | रु. | १,०००।- |
| ३६) | जुजुभाइ शाक्य, ललितपुर | रु. | १,०००।- |
| ३७) | श्रीमान व श्रीमती डा. सुमन कमल तुलाधर | रु. | १,०००।- |
| ३८) | धर्मवीर शाक्य, जमः | रु. | १,०००।- |
| ३९) | कृष्णदेवी उपासिका, कालधारा | रु. | १,०००।- |
| ४०) | अमृतशोभा शाक्य, जैसीदेवल | रु. | १,०००।- |
| ४१) | मोतिलाल शिल्पकार, जावलाखेल | रु. | १,०००।- |
| ४२) | संघरत्न मानन्धर, चसान | रु. | १,०००।- |
| ४३) | सीतादेवी मानन्धर, चसान | रु. | १,०००।- |
| ४४) | गुरुमाँ धम्मवती, धर्मकीर्ति | रु. | १,०००।- |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| ४५) | गुरुमां वीर्यवती, धर्मकीर्ति | रु. | १,०००।- |
| ४६) | गुरुमां संघवती, धर्मकीर्ति | रु. | १,०००।- |
| ४७) | सूर्यमान व गृहस्था रंजित | रु. | १,०००।- |
| ४८) | रामेश्वर, श्रीघ: | रु. | ६००।- |
| ४९) | चिनीमाया कंसाकार, नघल | रु. | ६००।- |
| ५०) | गुरुमां धम्मनयना, धर्मकीर्ति | रु. | ५५०।- |
| ५१) | धनबहादुर श्रीघ: | रु. | ५००।- |
| ५२) | पूर्णबहादुर, श्रीघ: | रु. | ५००।- |
| ५३) | तारावीर, श्रीघ: | रु. | ५००।- |
| ५४) | नानी, श्रीघ: | रु. | ५००।- |
| ५५) | पुण्यरत्न, श्रीघ: | रु. | ५००।- |
| ५६) | तुल्सीकृष्ण, श्रीघ: | रु. | ५००।- |
| ५७) | सुचित्र मान शाक्य, ललितपुर | रु. | ५००।- |
| ५८) | अरुणसिद्धि तुलाधर, धर्मकीर्ति | रु. | ५००।- |
| ५९) | मीना तुलाधर | रु. | ५००।- |
| ६०) | गुरुमां त्यागवती, धर्मकीर्ति | रु. | ५००।- |
| ६१) | अनगारिका ज्ञाणवती, प्रज्ञानन्दाराम | रु. | ५००।- |
| ६२) | मीरा ज्योति | रु. | ५००।- |
| ६३) | गुरुमां इन्दावती, धर्मकीर्ति | रु. | ५००।- |
| ६४) | धर्मदास ताम्राकार, क्षेत्रपाटी | रु. | ५००।- |
| ६५) | मन्दिरा ताम्राकार | रु. | ५००।- |
| ६६) | पुण्यलक्ष्मी तुलाधर | रु. | ५००।- |
| ६७) | पियरत्न महर्जन, शंखमूल | रु. | ५००।- |
| ६८) | बुद्ध रंजित, बनेपा | रु. | ५००।- |
| ६९) | गुरुमां अनुपमा, धर्मकीर्ति | रु. | ५००।- |
| ७०) | भिक्षु शील प्रभाकर, भारत | रु. | ५००।- |
| ७१) | लक्ष्मीदेवी रंजित | रु. | ५००।- |
| ७२) | गुरुमां अनोजा, सुलक्षणकीर्ति विहार | रु. | ५००।- |
| ७३) | धर्मसुन्दर वज्राचार्य व प्रेम केशरी | रु. | ५००।- |
| ७४) | सिद्धि मंगल विहारया उपासक | रु. | ५००।- |
| ७५) | चिनीकाजी महर्जन, धर्मकीर्ति | रु. | ५००।- |
| ७६) | चानचुन (पहिलो पटक : पांचसयभन्दा कम) | रु. | १,८४५।- |
| ७७) | चानचुन (दोश्रो पटक : पांचसयभन्दा कम) | रु. | ३,७५०।- |
| | **दुबै पटक गरी औषधोपचारार्थ श्रद्धादान प्राप्त रकम** | **रु.** | **१,७०,३०५।-** |

**पहिलो पटक अस्पतालमा भएगरेका खर्च विवरण:**

| | | | |
|---|---|---|---|
| १) | एम्बुलेन्स खर्च (बनेपा - काठमाडौं) | रु. | ४००।- |
| २) | सम्पूर्ण औषधी खर्च (बील अनुसार) | रु. | ७,००८।- |
| ३) | Novo Pen | रु. | ३,४००।- |
| ४) | Gluco Meter | रु. | ३,४००।- |
| ५) | Discharging Fee | रु. | ८,२७६।- |
| ६) | अतिरिक्त खर्च (अश्वघोष भन्तेबाट रु. २०००।- सहित) | रु. | २,४००।- |
| | पहिलो पटक जम्मा खर्च रकम | रु. | २४,७३४।- |

**दोश्रो पटक अस्पतालमा भएगरेका खर्च विवरण:**

| | | | |
|---|---|---|---|
| १) | एम्बुलेन्स र अतिरिक्त | रु. | ४००।- |
| २) | सम्पूर्ण औषधी खर्च (बील अनुसार) | रु. | १२,६५४।- |
| ३) | CT Whole Abdomen (NE/CE) | रु. | ६,८२५।- |
| ४) | Ultranist, X-ray & etc | रु. | २,९६८।- |
| ५) | Discharging Fee | रु. | २४,०७०।- |
| ६) | Sigmoindoscopy | रु. | १,५००।- |
| ७) | Omnitest Strip-50 | रु. | १,८००।- |
| ८) | रगत ८ पीन (२ पीनको रु. १,१६०।- का दरले | रु. | ४,६४०।- |
| ९) | अतिरिक्त खर्च | रु. | ८००।- |
| | दोश्रो पटक जम्मा खर्च रकम | रु. | ५५,६५७।- |
| • | दुबै पटक गरी औषधोपचारार्थ श्रद्धादान प्राप्त रकम | रु. | १,७०,३०५।- |
| • | पहिलो पटक जम्मा खर्च रकम | रु. | २४,७३४।- |
| • | दोश्रो पटक जम्मा खर्च रकम | रु. | ५५,६५७।- |
| | **दुबै पटक गरी अस्पतालमा रहुन्जेल जम्मा खर्च** | **रु.** | **८०,३९१।-** |
| | **जम्मा प्राप्त एवं खर्च रकमबाट जम्मा बाँकी रकम** | **रु.** | **८९,९१४।-** |

दुबै पटक गरी औषधोपचारार्थ श्रद्धादान प्राप्त रकम रु. १,७०,३०५।- मध्ये दुबै पटक गरी अस्पतालमा रहुन्जेल जम्मा खर्च रु. ८०,३९१।- घटाउँदा जम्मा रकम रु. ८९,९१४।- (उनान्नब्बे हजार नौसय चौध) भविष्यमा निरन्तर औषधोपचारार्थका लागि बाँकी हुनआएको पूज्यपाद भिक्षु अश्वघोष महास्थविरको सदीच्छानुरूप जानकारीका लागि प्रस्तुत गरिएको छ। साथै उहाँ पूज्यपाद महास्थविर भन्तेबाट आफ्नो स्वास्थ्योपचारको क्रममा सम्बद्ध मौडेल अस्पताल, डा. राजेश ध्वज जोशीलगायत अन्य चिकित्सक, नर्सपरिचारिका, बुद्ध विहार भृकुटीमण्डप परिवार, भिक्षु, श्रामणेर, गुरुमांहरू, श्रद्धालु दाताहरू गरी सबै शुभचिन्तकहरूप्रति साधुवादसहित सबैको सुस्वास्थ्य एवं अभिवृद्धिको कामना गर्नुभएको छ।

यसरी नै अस्पतालबाट डिस्चार्ज भइसकेपछि पनि थुप्रै दाताहरूबाट चन्दा प्राप्त भएका छन्। ती सबै दाताहरूलाई पनि अश्वघोष भन्तेबाट साधुवाद प्रकट गर्नुका साथै आयु आरोग्य र निरोगी कामना गर्नुभएको छ।

*आज्ञानुसार प्रस्तोता: **भिक्षु कोण्डन्य**, बुद्ध विहार भृकुटीमण्डप*

# बौद्ध धर्ममा परित्राणको महत्व

■ मुनीन्द्ररत्न बज्राचार्य

नेपालमा थेरवाद बौद्ध धर्म भित्रिए पछि जीवनमा आइपर्ने अनेकन भय बिघ्न, रोग र अनिष्टका भावनाहरू मुक्त गर्न 'परित्राण' पाठ गर्न लगाउने गरियो। परित्राण भन्नाले भगवान बुद्धका राम्रा राम्रा अमृत वचनहरूको पवित्र संगालो हो। परित्राणको अर्थ परि र त्राण दुई शब्द मिलि बनेको छ। 'परि' भन्नाले चारैतिरबाट आउने भय र 'त्राण' भन्नाले चारैतिरबाट आउने भयको रक्षा गर्नु हो। परित्राण वाचन गराउँदा मनलाई अनन्दित पारी मानसिक पीडा हटाइन्छ। अचेल हरेक बौद्ध लगायत सबैले परित्राण वाचन गर्न लगाइन्छ। परित्राण बौद्ध विहारमा अवस्थित बौद्ध स्थवीरवादी भिक्षुहरूद्वारा गराइन्छ।

आजकाल धनिमानि श्रद्धालु भक्तजनहरू मात्र होइन जोसुकैले विभिन्न अवसर पारी परित्राण' गर्न लगाउने हुन्छ। हाल कोही कसैले गर्भ मंगल, नामाकरण, अन्न प्राशन्न, विद्यारम्भ, आवाद मंगल विवाह मंगल, जन्मोत्सव, भीमरथारोहण, गृह निर्माण, गृह प्रवेश, शान्तिस्वस्ति, मृत्युपर्यन्त विभिन्न उत्सवमा मंगलकार्य गर्ने मौकामा परित्राण वाचन गर्ने गर्छन्। किनभने परित्राणको मूल उद्देश्य नै यो भव सागरमा चारैतिरबाट आउने भय, बिघ्न, उपद्रव, रोग, शोक अनिष्ट भाव तथा संक्रमणलाई हटाउन गरिने हो। परित्राण भित्र विभिन्न वचनहरू जस्तो त्रिरत्न गुणानुस्मरण, सत्यानुभाव, गहन चिन्तन मनन र शारीरिक मानसिक दु:ख र वेदना उल्लेख छ। परित्राणमा प्राय:जसो ११ सूत्रहरू छ भने 'महापरित्राण' भनि २९ सूत्रहरूलाई समावेश गरिएको छ। मूलत: परित्राणमा ११ सूत्रहरू यस प्रकार छन्।

१) आह्वान सूत्र २) मङ्गल सूत्र ३) रतन सूत्र
४) मैत्री सूत्र ५) खन्ध सूत्र ६) मोर सूत्र
७) वट्ट सूत्र ८) धजग्गसूत्र ९) आटानाटीय सूत्र
१०) अंगुलीमाल सूत्र ११) बोज्झङ्ग सूत्र

यी हरेक सूत्र हरूको विशेषतामा आवाहन सूत्र पाठ गर्दा समस्त देवताहरूलाई उपदेश सुन्न आमंत्रणा गरिन्छ। मंङ्गल सूत्र- आफूलाई मंगल हुनुका साथै सबैको कल्याण अपेक्षा गरिन्छ। रतन सूत्रको पाठले रोग, भय हरण हुन्छ। मैत्री सूत्रले आफूलाई अनिष्ट गर्न आउनेहरू द्वारा अनिष्ट गर्न सकिदैन। खन्ध सूत्र अनुसार विषधारी सर्प तथा विच्छेहरूबाट बच्ने हुन्छ। मोर सूत्र पाठबाट दुर्घटनाबाट बच्ने हुन्छ। वट्ट सूत्र पाठ गर्नाले घरमा आगजनीबाट बचिन्छ। धजग्ग सूत्र पाठ गरिन्दा भय, त्रासबाट बचिन्छ। आटानाटीय सूत्र पाठ गर्नाले भूत प्रेतबाट बच्ने हुन्छ। अंगूलीमाल सूत्र पाठ गर्नाले महिलाहरूको प्रसव वेदनाबाट मुक्त हुनेछ। बोज्झङ्ग सूत्र पाठ गर्नाले रोग, भयबाट मुक्त हुनेछ।

परित्राण पाठ गर्दा यसलाई प्रभावशाली बनाउन ६ गुणांकहरू पूरा गर्नु पर्दछ। जस्तो पाठगर्नेले ३ गुणांकहरू पूरा गर्नुपर्ने हुन्छ पहिलो शुद्ध र स्पष्ट पाठ गर्नुपर्छ। दोस्रो अर्थ बुझी पाठ गर्ने र तेस्रो लाभको आशा नगरी मैत्री र अनुकम्पापूर्ण रूपले पाठ गर्ने। यस्तै परित्राण सुन्नेले पनि ३ गुणांक पूरा गर्नु जरुरी छ। जस्तो पहिलो किलं सावरण-मिथ्या दृष्टि मुक्त हुनुपर्‍यो, दोश्रो कम्मावरण पंच महापाप नलागेको होस् र तेश्रो श्रद्धा र विश्वासपूर्वक परित्राण श्रवण गर्नु हो।

परित्राणको महत्व दिनानु दिन वढ्दै गएकी छ। परित्राणको महत्व बढ्नुको मूल कारण शारीरिक तथा मानसिक थरि थरिका रोग शोक, भय पीडा, वेदना, चिन्ता जस्ता पीडाबाट मुक्त भई पुण्य कार्य गर्ने एक मनोबैज्ञानिक पद्धतिको उपचार जस्तै भएको छ। परि त्राणको पाठ, श्रवण, मनन एवं परिपालन गर्नाले मानवमात्रलाई कल्याण हुने र दु:ख कष्ट विनाश गर्न सक्ने एक मंगल कार्य हो। ■

## मनुष्य जन्मको महत्त्व सुभद्रा स्थापित

■ सुभद्रा स्थापित, इन्द्रचोक (लौगल्ली)

हे मानव, नभुल्नु तृष्णा र मोहमा सधैं
जसले सुखको बहाना दिन्छ सुख नै
सम्झौं कि मनुष्य जन्म दुर्लभ भनेर यहाँ
कठिनै हुन्छ मनुष्यको जन्म लिन यहाँ
जसलाई जतिसुकै माया र मोह गरेतापनि
आउँदैन अन्तिम दिनमा कोहि साथमा
खालि नै आउँछ र खालि नै जान्छ
आखिर लग्नु नै के पो छ र ?
केवल पाप र पूण्य सिवाय छैन केही
त्यसैले सुकर्म गर्दै जाऔं आजै देखी यहाँ
तब अवश्यमय पाउला सुमार्गको फल यहाँ।



Downloaded from http://www.dhamma.digital

# योगाभ्यास विधि - २२

रेकी, योगा शिक्षक एवं प्रा.चि. डा. **गोपाल प्रधान**
*रेकी बैकल्पिक उपचार केन्द्र, भोटाहिटी, काठमाडौं - ४२२४०८५*

## उच्च रक्तचाप (High Bloodpressure) विशेषाङ्क भाग- ४

गत अंकमा उच्चरक्तचापका रोगीले र सर्व-साधारणले आफ्नो दिनचर्यामा के कस्तो नियमितता दिन आवश्यकता पर्दछ भन्ने कुराको जानकारी प्रस्तुत गरेका थियौं र यस अंकमा पनि क्रमश: हाम्रो दिनचर्या कस्तो हुनु पर्दछ भन्ने कुराको जानकारी प्रस्तुत गर्न लागेको छु ।

**४) नियमितता-**

उच्चरक्तचाप भएका रोगीहरूले र साधारणतया ४० वर्ष उमेर पुगिसकेका महिला तथा पुरुषहरू आफ्नो दिनचर्यामा अनिवार्य सुक्ष्मव्यायाम गर्न अति आवश्यक पर्दछ ।

हामीले सुक्ष्म व्यायाम भन्ने वित्तिकै मर्निङ्गवाक (विहान टहल्नु) लाई अति उत्तम व्यायाम मान्दछौं । उच्चरक्तचापका रोगीले नियमित विहान ३० मिनेटदेखि ५५ मिनेटसम्म मर्निङ्गवाक पश्चात् आराम गर्नु महत्वपूर्ण हुन्छ । उच्चरक्तचापको समस्या भएका व्यक्तिले नियमित व्यायाम पश्चात् व्यायामको अवधि अनुसार सो समयको आधा समय आराम गर्न अति आवश्यक हुन्छ । योगाभ्यास पद्धति अनुसार आराम गर्दा शवासन गर्नु अति उत्तम मानिन्छ । शवासन गर्दा कुनै पनि मधुरो संगित (धुन) बजाएर शवासन गर्दा लाभदायक हुन्छ । शवासन पश्चात् उच्चरक्तचापको समस्या भएका व्यक्तिहरूले उच्चरक्तचाप नियन्त्रणका लागि उत्तम योगाभ्यास गर्नु उपयुक्त हुन्छ । जस्तै- भुजङ्गा आसन, अर्धमक्षेन्द्र आसन, शवासन आदि । यहाँ भुजङ्गा आसनका वारेमा जानकारी प्रस्तुत गर्न लागेको छु ।

**१. भुजंगासन-**

(क) सर्व प्रथम घोप्टो परेर सुत्नुहोस् । खुट्टाको दुवै कुर्कुच्चा, बुढी औंला, घुँडा तथा तिघ्रा सिधा जोड्ने र दुवै हत्केलाले शरीरको दाया-बायाँ भूमिमा टेक्नुका साथै टाउकोले भूमिमा ढोगेको हुनु पर्छ ।

(ग) स्वास लिदै टाउको र छातीलाई विस्तारै माथि उठाउने, नाईटोसम्म मात्र उठाउनुहोस् । यसरी यो आसनमा सुरुमा १० सेकेन्डदेखि ३० सेकेन्डसम्म बस्न सकिने । यो आसनमा बस्दा साधारण श्वास प्रश्वास जारिराख्ने ।

(ङ) अब लामो श्वास लिनुहोस् र विस्तारै श्वास छोड्दै भूमिमा घोप्टो परेर सुत्नुहोस् ।

*(यो आसन नियमित तिन चार पटक गर्न सकिन्छ ।)*

**नोट :** उच्चरक्तचापलाई नियन्त्रण गर्न योगाभ्यास गर्नु अति उत्तम हुन्छ तर योगाभ्यास गर्न योगाचार्य संग परामर्श लिएर मात्र गर्नु भए लाभदायक हुन्छ ।

## बुद्धको जन्म भूमिमा

■ भिक्षु गौतम, श्रीघः विहार

बुद्धको जन्म भूमिमा
शान्ति हेर्ने रहर छ यो मेरा साना आँखा
आश लाग्छ हरियाली हुन्छ अवश्य
उजाडिएको वनशाखा !
सर्वत्र मनुजकै मुहारमा देख्न पाउँ हाँसो
कति हेर्नु रगतको आहाल अनि दुःख वेदना र आँशु ।
यहि मेरा पुकार अब त फेर्न पाउँ एकमुठी श्वास ।
हेर्न मन छैन बन्दुकका नाल रगतका आहाल
बन पाखा मरि लास ।
शान्ति आऊ म स्वागत गर्न माला गाँसौला सयपत्री फूल
कहिल्यै नगर्नु हत्या-हिंसा भूल ।

## सम्वाद

■ (बेबी) सुमित्रा मानन्धर, पकनाजोल

जहाँ सम्वाद हुन्छ ।
त्यहाँ सुख सम्पादन पनि हुन्छ ॥
चाहे गुरु शिष्यको बिचका सम्वाद ।
चाहे दुनियाका पति, पत्निका सम्वाद होस् ॥
जहाँ सम्वाद हुन्छ ।
त्यहाँ सुख सम्पादन पनि हुन्छ ॥
चाहे राजनीतिक सम्वाद होस् ।
चाहे धार्मिक सम्वाद होस् ॥
जहाँ सम्वाद हुन्छ ।
त्यहाँ सुख सम्पादन पनि हुन्छ ॥

# मृत्युको सन्देशः जागरणको मूल ढोका

■ नरेन्द्रनाथ भट्टराई

जागरणको सरल अर्थ हो ज्ञान अर्थात् बोध । जागरणको लागि अनेक तरिका छन् । मनुष्यजीवनको लक्ष्य नै हो जागरण । जागरण नभईकन प्राप्त भएका कुनै पनि कुराको केही सार हुँदैन । कुनै कोठाभित्र पुग्न मूल ढोकाबाट पनि जान सकिन्छ, झ्याल चढेर, भऱ्यांग हालेर, डोरीमा समाएर पनि पुग्न सकिन्छ । तर जति सरल र सुगम मूल ढोकाबाट जानुमा हुन्छ त्यति नै विकट र खतरनाक अरू उपायबाट हुन्छ । यसैगरी जागरणको लागि मूल ढोका मृत्युलाई नै लिइएको छ ।

एकजना जीवनमुक्त सन्त हुनुहुन्थ्यो । एकदिन एकजना मुमुक्षु आएर 'मलाई ज्ञान दिनुपऱ्यो, यो दुःख सागरबाट पार लगाइदिनु पऱ्यो' भनी बारम्बार सन्तको पाउ पर्ने, रुने, प्रार्थना गर्ने गर्न लागे । मुक्तिको ज्यादै अभीप्सा देखेर यसलाई जागरण गराइदिनैपऱ्यो भन्ठानी, महात्माले एकदिन नैवेद्य दिन लाग्नु हुँदा उनले अँजुली थापेका थिए त्यसबखत महात्माले तिनको हात हेरेर मुख बिगार्नुभयो । महात्माले आफ्नो हातमा टोल्हाएर मुख बिगारेको देख्दा ती सज्जनले "किन हजुरले मुखको आकृति बिगारेको ?" भनी सोधे । 'नसोध्नु नै बेस होला' भनी महात्माले भन्नुभयो । "होइन हजुर भन्नुपऱ्यो मेरो मनमै खुलदुली भयो" भने । "लौ त उसो भए भन्नैपऱ्यो" भनी महात्माले भन्नुभयो– "हे सज्जन ! तिम्रो हातको रेखा देख्दा आजको सातौँ दिनको साँझ तिमी मर्ने कुरा स्पष्ट छ । त्यसैले मेरो मुखको आकृति बिग्रिएको ।" यो कुरा सुन्नेबित्तिकै ती सज्जन कालोनीलो भए !

**कहीँ खोजेर पनि सद्गुरु भेटिँदैन, सच्चा जिज्ञासा भएमा गुरू आँफै भेट्न आउनु हुन्छ अर्थात् जहाँसुकै गुरू भेटिनु हुन्छ ।**

महात्माले 'नआत्तिऊ बस म तिमीलाई ज्ञान दिउँला, तर्ने उपाय बताइदिउँला' भन्नुहुँदा ती सज्जन सातै दिनमा मर्ने भएपछि केलाई चाहियो यो ज्ञान स्यान भनी लुरुलुरु घरमा गएर ओच्छ्यानमा ढले । स्वास्नी छोरा-छोरीले के भयो ? भन्न लागे । साधुले भनेका सबै कुरा सुनाइदिएर हतास र निराश भएर रहन लागे । सबैले मानेका ठूला साधु हुनाले उनले भनेका कुरामा कसैले पनि शंका गर्ने ठाउँ नै थिएन । रातभर सुत्न पनि सकेनन् । अनेक विचार आउन थाले । आफूले गरेका चिताएका अनेक कुकृत्य र कुभावना उपर दुःखित भए, भगवान्सँग क्षमायाचना गरे । तत्पश्चात् सबै रागद्वेष आप-से-आप हट्न लाग्यो । शत्रु मानेका र ठानेकाहरूलाई पनि बोलाउन पठाएर क्षमा मागे । आफ्नो बितेको ५० वर्षको लामो आयुतर्फ विचार गरे, ५० मिनेटजस्तो पनि लागेन । महात्माले पहिले-पहिले बताउनु भएका संसारको क्षणभंगुरताको कुरा अहिले यसबेला प्रत्यक्ष भयो । पहिले कति कोशिश गर्दा पनि नआएको वैराग्य अहिले आफ-से-आफ फलित भयो । यसरी सातौँ दिनसम्ममा त उनले संसारको निस्सारताको बोध गरेर बिल्कुलै महात्मा बन्न पुगे । सो दिन आनन्दमग्न अवस्थामा बसिरहेका थिए– साँझपख, सूर्य डुब्ने बेलामा ती महात्मा आउनुभयो र ती मुमुक्षु (जो अब स्वयं सन्त बनिसकेका थिए), लाई प्रणाम गर्दै अंकमाल गर्नुभयो । दुवै सन्त गद्गद् भएर अश्रुधारा बगाएर आनन्दमा डुबे । तत्पश्चात् ती नवसाधुले भन्नुभयो, "हे महात्मा । हे गुरु ! हजुरले मलाई मृत्यु देखाएर अमृत पिलाइदिनु भयो, क्षणभंगुरताबाट ब्यूँझाइदिएर शाश्वतमा पुऱ्याइदिनु भो । हजुरप्रति धन्य-धन्यबाहेक केही बोल्न सक्तिनँ ।"

सात दिन जो महात्माले मृत्युको दिन बताउनुभएको थियो त्यो केवल जागरणका लागिको मूल ढोका खोल्नको लागि भनिएको मात्र थियो । सात दिन, सात वर्ष, सात सय वर्ष अब केही फरक परेन ती नवसाधुलाई । समयातीत अवस्थामा पुगिसकेकालाई के समय ! ■

धर्म प्रचार

## दिवंगत रत्नमञ्जरी गुरुमाको पुण्य स्मृतिमा पट्ठान पाठ सम्पन्न

*२०६३ कार्तिक ३० देखि मंसीर २ गतेसम्म*
*निर्वाण मूर्ति किण्डोल विहार, काठमाडौं ।*

दिवंगत रत्नमञ्जरी गुरुमाको पूण्यस्मृतिमा निर्वाण मूर्ति किण्डोल विहारले ३ दिने पट्ठान पाठ कार्यक्रमको आयोजना गरिएको थियो । गुरुमाहरूको तर्फबाट पट्ठान पाठ गरिएको उक्त कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविर एवं भिक्षुणी धम्मवती गुरुमाको तर्फबाट धर्मदेशना पनि भएको थियो भने आमन्त्रित भिक्षु गुरुमा लगायत उपासकोपासिकाहरूलाई जलपान र भोजन दान पनि गरिएको थियो । यसको साथै दिवंगत रत्नमञ्जरी गुरुमाको पुण्यस्मृतिमा दानप्रदान एवं पुण्यानुमोदन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# परिवर्तन शील संसार र सत्य

■ डा. गणेश माली

**(क) संसारको स्वभाव**

यो संसार अनित्य छ, अनित्य अर्थात् नित्य नभएको सधैं त्यस्तै न रहने अर्थात् परिवर्तनशील भएर रहने, कुम्हाले को चक्का जस्तै घुमीरहने, नदीमा पानी वगे जस्तै वगीरहने, मैन बत्ती वलेर गए जस्तै, वा हाम्रो शरीर र मन जस्तै हरदम फरक भइरहने।

वच्चा जन्मन्छ, वढ्छ, जवान हुन्छ, वुढावुढी हुन्छ, रोगीहुन्छ, अनि एकदिन मरेर जान्छ, मरिसकेपछि पनि शरीरमा परिवर्तन भै नै रहन्छ, सारा प्राणीहरू र वनस्पतिहरू पनि त्यस्तै नै। यो पृथ्वी पनि त्यस्तै परिवर्तन भै रहेको छ। हाम्रो सूर्य पनि पुरानो हुँदै गइरहेको छ, एकदिन निस्तेज पनि भएर जानेछ।

करीव साढे चार अरव वर्ष अघि सूर्यबाट छुट्टिएर जाँदा, रातो तातो पगिलएको चट्टान र ग्यासको गोला भएको पृथ्वी परिवर्तन हुँदा हुँदा आजको अवस्थामा आइपुगेको छ। यस्तै परिवर्तन हुँदै नै जानेछ।

**(ख) परिवर्तनका नियमहरू :**

यो परिवर्तन जथाभावी भैरहेको होइन। यस परिवर्तनका मुख्यतया पाँच वटा नियहरू छन्, जुन यस प्रकार छन्–

**(१) पहिलो नियम : कारण-कार्य सम्बन्ध**

यहाँ जेजति भैराखेका छन्, चाहे ठूलो घटना होस् या सानो, तिनीहरूको कारणहरू अवश्य हुन्छन्, कारण वश नै परिवर्तन हुन्छ। जुन परिवर्तन हुन्छ त्यो कारणबाट भएको कार्य हो। त्यही कार्य अरु कारक तत्वहरू सित मिलेर त्यस पछि हुने परिवर्तनको कारण बन्छ, यसरी कारण-कार्य सम्बन्ध जोडिदै परिवर्तन भएर जानेलाई कारण-कार्य-प्रवाह पनि भन्न सकिन्छ। किनकि यसरी सम्बन्धित भएरै अहिले सम्मको परिवर्तन भएको छ भने यसरी नै सम्बन्धित भई पछिको पनि परिवर्तन भएर गइरहनेछ।

जस्तै कि, दुःख भयो भने विना कारण दुःख हुँदैन, कारण भएरै दुख हुन्छ, दुःख हुने कारण भएन भने त्यो कारणबाट उत्पन्न हुने दुःख पनि हुँदैन। भूकम्प भयो भने कारणवश नै भूकम्प हुन्छ, विना कारण भूकम्प हुँदैन। रोग भयो भने कारण वश नै हुन्छ, विना कारण रोग हुँदैन।

यो कारण-कार्य- सम्वन्ध नियमको एउटा अर्को पक्ष पनि छः त्यो के भने समान कारणबाट समान कार्य हुन्छ, जस्तो कि भटमास रोपे भटमासै फल्छ, गोलभेडा फल्दैन। मकै रोपे मकै नै फल्छ, खोर्सानी फल्दैन। मान्छेको वच्चा मान्छे नै हुन्छ, मुसा हुँदैन।

यही नियम को आधारमा नै हामी विवेक, विचार र तर्कहरू गर्छौं। वैज्ञानिकहरू यही नियमको आधारमा वैज्ञानिक खोजहरू गर्छन्, वैज्ञानिक आविस्कारहरू गर्छन्, दार्शनिकहरू दर्शन बताउँछन्।

जुन सुकै कारणबाट जुन सुकै कार्य हुन सक्ने संसारको हामी कल्पना सम्म पनि गर्न सक्तैनौं।

**(२) दोश्रो नियम : अन्तरसम्बन्धको नियमः**

जति पनि परिवर्तन भैरहेका वस्तुहरू वा प्राणीहरू छन्, यस संसारमा वा विश्वमा भैरहेका अन्य परिवर्तनहरू सित सम्बन्धित भएरै परिवर्तन हुन्छन्। जस्तै भनौं, खोज्दै गयौं भने मेरो जन्म को सम्बन्ध संसारमा प्राणीहरूको उत्पत्तिका घटनाहरू संग, अथवा संसारको उत्पत्ति संग वा विश्वकै उत्पत्ति संग सम्बन्धित भएर रहेको हुन्छ। एउटा मकैको बोटमा मकै फल्न लाई सूर्यको घामको, वर्षाको पानीको, हावाको, माटोको आदि संग सम्बन्ध हुन्छ जस्को सम्वन्ध फेरि सूर्यको उत्पत्ति संग, चट्टान खिइएर माटो बन्ने प्रकृया संग, पृथ्वीमा पानी वन्न जाने प्रकृयासंग, हावामा कार्वन डाइअक्साइड र अक्सीजन ग्यास वन्ने प्रकृया संग रहेको हुन्छ।

संक्षेपमा भनौं भने यो संसार वा यो विश्व एउटै सिंगो रुपमा परिवर्तित भएर पहिलेको अवस्थाबाट अहिलेको अवस्थामा आएको छ र अहिलेको अवस्थाबाट पछिको अवस्थामा परिवर्तित भएर जानेछ।

**(३) तेश्रो नियम : अपरावर्तनीयता**

अपरावर्तनीयता भनेको फेरी फर्केर पहिलेको अवस्थामा जान नसक्नु अर्थात् एकतर्फी मात्र प्रवाहित हुँदै जानु हो।

जस्तै कि वच्चा हुन्छ, वयस्क हुन्छ, वृद्ध हुन्छ, यस्को उल्टो वृद्धबाट वयस्क अनि वच्चा हुँदैन यसरी नै हिजो का घटनाहरूका कारण आजका घटनाहरू घट्छन्, त्यस्का कारण भोलीका घटनाहरू घट्छन्, त्यस्को उल्टो भोलीबाट आजका र आजकाबाट हिजोका घटनाहरू घट्दैनन्। भूतकालमा जति भयो त्यो इतिहास भैसक्यो भविष्य आएकै छैन, अनि वर्तमान ? कति समयलाई भन्ने वर्तमान ? कति परिवर्तनलाई वर्तमानमा भएको परिवर्तन भन्ने यसको कुनै सीमा छैन। तर परिवर्तन भविष्यबाट भूतकाल तर्फ जाँदैन।

भैरहेको परिवर्तन एक सेकन्डको एक खरव खण्डको एक खण्ड पनि अडेर बस्दैन। विश्वलाई सरंचना गर्ने अणु परमाणु र शक्ति तरंगहरूको स्वभावै यस्तो छ। पृथ्वीको सूर्य चारैतिरको परिक्रमा, वा बलीरहेको मैन वत्तीले दिईरहेको प्रकाश अथवा हाम्रा शरीर भित्र भैरहेका परिवर्तनहरू एक क्षण पनि अड्दैनन्।

यस विश्वको प्रकृयाहरू निरन्तर अगाडि बढीरहेको छ, कारण कार्य सम्वन्ध कायम गर्दै अगाडि बढीरहेको छ। यही नै कारण-कार्य-प्रवाह हो। जुन अगाडि नै बढ्दछ पछाडि फर्कदैन।

**(४) चौथो नियमः आदि र अन्तहीनता**

यस संसारमा अथवा विश्वमा जुन परिवर्तनहरू भैराखेका छन्, तिनीहरूको न आदि देखिन्छ न अन्त। न पहिलो कारण भन्ने छ न अन्तको कार्य भन्नेछ।

कारण- कार्य-प्रवाह नित्य प्रवाहित भैरहेको छ। त्यसकारण यहाँ देखि परिवर्तन शुरु भयो भन्ने पनि छैन, यहाँ पुगेर अन्त हुन्छ भन्ने पनि छैन।

**(५) पाँचौं नियमः निरुद्धेश्यता**

निरुद्धेश्यता को अर्थ हो उद्देश्य नभएको। निरन्तर परिवर्तित विश्वको के उद्देश्य हुनसक्छ, केवल परिवर्तन वाहेक ?

सानो घेरा भित्र उद्देश्य देख्न सकिन्छ, जस्तैः एउटा कमिलाको जीवनमा वा एकजना मान्छेको जीवनमा। किन्तु समग्र विश्वलाई लिंदा खेरी केवल परिवर्तन वाहेक कुनै उद्देश्य देखिन्दैन। उद्देश्य यदि हुँदो हो त त्यहाँ गएर अड्नु पर्ने हो। तर त्यसो हुँदैन।

यी त भए परिवर्तनका नियमहरू। अव प्रश्न यो छ कि यसरी परिवर्तित यस विश्वमा 'सत्य' भन्ने केही छ ? यसबारे एक छिन विचार गरौं।

**(ग) परिवर्तनशील संसार मा सत्य**

जुन वास्तवमा भैरहेको छ, जुन वास्तवमा छ, त्यसैलाई सत्य वा वास्तविकता भनिन्छ। किन्तु हामीले हाम्रो वातावरणमा, हाम्रो चारै तिर जे जति भैराखेका छन्, त्यसको पनि केही अंशको सत्य मात्र थाहा हुन्छ, देखेर सुनेर वा अरु इन्द्रियहरू द्वारा।

अनि यत्रो विशाल संसार अथवा विश्वको वास्तविक यथार्थ सत्य हामीहरूले कसरी जान्न सक्छौं ? त्यसो भएकोले अधिकांश

मान्छेहरू यसवारे कपालै दुखाउँदैनन् । आफ्नो दैनिक काम काज चलाएर मात्रै वस्छन् ।

तर यस्ता व्यक्तिहरू पनि छन्, जो यस संसार तथा विश्व वारे यथार्थ समग्र सत्य जान्न चाहन्छन् । ती हुन् दार्शनिकहरू ।

वैज्ञानिकहरू ले पनि आफूले जान्न चाहेका कुनै वस्तु वा प्राकृतिक प्रकृया वारे आफना इन्द्रियहरूद्वारा तथा अन्य केही सामग्री जस्तै माइक्रोस्कोप, टेलेस्कोप आदि यन्त्रहरूद्वारा अवलोकन गरी परीक्षण तथा प्रयोग आदि गर्छन् । अनि अवलोकन गरेका वस्तुहरू वा प्रकृयाहरू वारे केही निस्कर्ष निकाल्छन् । उनीहरूले पनि सत्यका केही अंशहरू त पत्ता लगाउँछन् । साधारण व्यक्तिहरू भन्दा उनीहरूलाई प्रकृतिवारे धेरै कुराको ज्ञान हुन्छ ।

तर दार्शनिकहरू भने आफूले देखे सुनेका र इन्द्रियले थाहा पाएका कुराहरू वारे मनन चिन्तन गरी समग्र सत्यलाई नै जान्न खोज्छन् । साधारणतया: आफ्नो खोजीको काममा एकाग्र मनन चिन्तन को लागि एकान्तमा ध्यान गर्छन् र सादा जिन्दगी विताउँछन् ।

अव जुन कुरा वारे आफूलाई केही थाहानै छैन, त्यसबारे थाहा पाउने एउटा मात्रै उपाय छ- परिकल्पना (Hypothesis) वनाउनु । अनि यसरी बनाएको परिकल्पनालाई नै सत्य यही हो भनी ठोकुवा गर्नु ।

मोटा मोटी तवरले दार्शनिकहरू समग्र सत्यवारे वनाएका परिकल्पनाहरूलाई मूलत दुइ भागमा राख्न सकिन्छ ।

***परिकल्पना-१***

वास्तविक सत्यतत्व विश्वमा भैरहेका सबै परिवर्तनहरूमा हुन्छन् । यो सत्य सर्व कालिक छ, सर्व व्यापि छ, यसबाट केही छिपेको छैन, यो सर्वज्ञ छ । सवै परिवर्तनहरूको यथार्थ वोध यस तत्वलाई हुन्छ । तर यो सर्व शक्तिमान् तत्व होइन । कारण- कार्य प्रवाहमा कुनै वाधा यसले पार्दैन ।

***परिकल्पना-२***

विश्वमा एउटा महान व्यक्ति छ, जसलाई सवै परिवर्तनहरूबारे को यथार्थ सत्यको ज्ञान छ । यो सर्वज्ञ छ । यो सर्व व्यापी छ, अर्थात् जहाँ पनि जेमा पनि छ । यो सर्व कालिक छ, विश्व जस्तै अनादि र अनन्त छ । र जो सर्वशक्ति सम्पन्न पनि छ । यस परम तत्व कै कारण सृष्टि हुन्छ, सृष्टिलाई धारण गरिन्छ, र प्रलय पनि हुन्छ । यो सर्व शक्ति सम्पन्न अकाल तत्वले जे पनि गर्न सक्छ, नगर्न सक्छ वा अर्कै तरिकाबाट पनि गर्न सक्छ । यही त्यो परम तत्व हो जो सबमा छ । जसको इच्छा विना एउटा पात सम्म पनि हल्लन सक्तैन । सबै सत्यका खानी यिनैलाई साक्षात्कार गर्नु नै सवै सत्यलाई जान्नु हो ।

अव यी दुई खालका परिकल्पनाहरू मध्ये कुन् उचित लाग्छ ? रोजाई आफ्नो आफ्नो हो ।

परिकल्पना- २ का प्रतिपादकहरू भन्छन् कि हामी सबै उनै परम तत्वका अविभाज्य अंशहरू हौं । हाम्रा रागद्वेष र मोह काम, क्रोधका कारण उब्जेका आफ्नो स्वार्थलाई मेटाउन सक्यौं भने हामी यस परमतत्वमा त्यसरीनै एकभै जान्छौं जस्तो कि नूनबाट वनेको पुतली महासागरमा । यही समग्र सत्यलाई जान्ने विधि हो ।

परिकल्पना-१ का प्रतिवादकहरू मान्छन्, कि अविद्या र तृष्णाका कारण उत्पन्न जुन् भ्रमात्मक आत्मपन छ, जस्को कारण काम, क्रोध, लोभ द्वेष आदि विकारहरू उत्पन्न हुन्छन्, त्यसैले हामीलाई दु:ख रुपी संसारमा फसाई राख्छन् । सम्यक जीवन जिउनाले पूर्ण शान्ति र प्रज्ञा प्राप्त गर्न सकिन्छ जसबाट परम सत्यलाई जान्न सकिन्छ । यही दुखलाई अन्त गर्ने उपाय पनि हो ।

वैज्ञानिकहरू परिकल्पना-१ अनुसार काम गर्दछन् । उनीहरूको एकमात्र चाहना हो प्रकृतिमा जुन सत्यहरू छन्, यिनीहरूलाई खोजी पत्ता लगाउनु । उनीहरूको कारण कार्य प्रवाहमा दृढ आस्था हुन्छ र प्रकृतिमा रहेको यथार्थ सत्यको खोजनै उनीहरूको एकमात्र चाहना हुन्छ ।

भगवान बुद्धले पनि वैज्ञानिकहरू सरह, वास्तविक सत्यलाई कारण-कार्य प्रवाह (हेतुवाद) अनुसार चली रहेको विश्वमा जान्न चाहनु भयो जहाँ वहाँले जहिले जहाँ जे पनि गर्न सक्ने तत्वहरूको चलखेलको कुनै आवश्यकता महसूस गर्नु भएन ।

आफ्नो घरवार, परिवार छोडी ६ वर्षको अनवरत प्रयास पछि वहाँले जुन् सत्यको खोजी गरिरहनु भएको थियो, सो प्राप्त गर्नु भयो । दुखी प्राणीहरू उपर असीम करुणा राखी दुखबाट मुक्त हुने जुन् सत्यको खोजी वहाँले गर्नुभयो, चतुरार्य सत्य र प्रतीत्यसमुत्पाद सत्यको रुपमा त्यसलाई प्राप्त गर्नुभयो र एक जना कुशल वैज्ञानिकले झैं, आफूले प्राप्त गर्नुभएको सत्यहरूको सत्यता पहिले आफू मै प्रयोग गर्नु भै जाँची हेरी स्वयं आफै दु:खबाट निर्वृत्त हुनुभै त्यस सत्य (=धर्म) को प्रचार वहाँले गर्नु भयो धर्मको चक्रलाई प्रवर्तन गर्नुभयो । ४५ वर्ष सम्म विचरण गर्दै वहाँले जुन् धर्मरुपी अमृतले यस धरतीलाई भिजाउनु भयो, त्यसको प्रभाव करीब २५०० वर्ष पछि आजसम्म पनि कम भएको छैन, र दु:ख र अशान्तिको बेला तृष्णारुपी स्वार्थ, अभिमान अहंकार आदिलाई त्यागी मैत्रीकरुणा मुदिता उपेक्षाको वाटो अपनाउनुपर्ने जरुरत सवैले महसूस गर्दैछन् । निश्चयपनि वुद्ध आफ्ना समयका महान वैज्ञानिक सत्य द्रष्टा हुनुहुन्थ्यो, र शायद आजसम्म पनि संसारका वैज्ञानिक प्रवृत्ति भएकाहरू मध्येमा सबभन्दा अग्रगण्य गनिनु हुन्छ । आज सम्म पनि बुद्धजन्मेको देश नेपाल भनी संसारका सबै शान्ति र सत्य प्रिय मानिसहरूले बुद्धको महिमा र नेपालको महत्वलाई संझी रहेका छन् । सत्यको प्रभावले सबैको मंगल होस् ।

**धर्म प्रचार** [illegible]

**भिक्षु महासंघको तर्फबाट साप्ताहिक महापरित्राण पाठ सम्पन्न**

भिक्षु महासंघको तर्फबाट विभिन्न स्थानहरूमा साप्ताहिक महापरित्राण पाठ सम्पन्न भएको समाचार यसरी प्राप्त भएका छन्-

*२०६३ मंसीर (१-७), टेकु काठमाडौं ।* उपासक [illegible] रंजित ७८ औं वर्ष प्रवेश गर्नुभएको उपलक्षमा टेकुस्थित उहाँको [illegible] स्थानमा उहाँको दीर्घायु एवं सुस्वास्थ्य लाभको कामना गरी भिक्षु महासंघको तर्फबाट साप्ताहिक महापरित्राण पाठ सम्पन्न गरिएको थियो ।

*२०६३ मंसीर (१०-१६) डिल्लीबजार, काठमाडौं ।* यसरी नै उपासकोपासिकाद्वय केशरमान, ज्ञानदेवी [illegible] प्रमुख सपरिवारको तर्फबाट सत्त्वप्राणीहरूको सुख शान्ति कामना गरी भिक्षु महासंघको तर्फबाट डिल्ली बजारमा साप्ताहिक महापरित्राण पाठ सुसम्पन्न गराइएको छ ।

**भिक्षुणी गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ सम्पन्न**

*२०६३ मंसीर ९ गते, शनीबार । स्थान- इन्द्रचोक [illegible], काठमाडौं ।*

उपासिका चिनीमाया स्थापित प्रमुख सपरिवारको सश्रद्धाबाट आयोजित एकदिने महापरित्राण पाठ कार्यक्रममा भिक्षुणी गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ एवं धर्मदेशना सम्पन्न गरिएको छ । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खल:बाट भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा आमन्त्रित गुरुमांहरूलाई आयोजक परिवारले जलपान भोजन लगायत दानप्रदान गर्नु भएका थिए भने उपस्थित अन्य उपासकोपासिकाहरूलाई पनि जलपान भोजन दान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# क्षान्ति र मैत्री – १२

*लेखक:* **भिक्षु अश्वघोष**, *अनुवादक:* **वीर्यवती**

### परित्राण पाठ (मनोवैज्ञानिका उपचार)

बुद्ध धर्ममा परित्राण पाठ गर्ने एक धार्मिक विधि छ । यो एक मन्त्र होइन । सत्य वचन, सत्य क्रिया र मैत्रीको ज्वलन्त उदाहरण हो यो ।

बुद्धकालिन समयमा एकपटक वैशालीमा ठूलो दुर्भिक्ष भयो । धेरै मानिसहरू मरे । मानिसहरू त्रसित भई हाहाकार भए । धेरैजसोले नाना प्रकारका तन्त्र मन्त्र र पूजापाठ गरे । तर बौद्धहरूले त्यसो गरेनन् । बौद्धहरू अन्ध विश्वासमा लागेनन् । तर उनीहरूको मन कमजोर हुँदै आए । मनमा शंका र डराउने स्वभावले पेल्दै ल्याए । भय हटाउनका लागि जे भए पनि एउटा उपाय त गर्नु नै पर्‍यो भनी सबैले सल्लाह गरे । उनीहरू बीच यसरी सल्लाह भए – हामी बुद्धको शरणमा गइरहेका छौं । त्यसैले यस्तो आपद परेको समयमा बुद्धसंग नसोधी केही पनि गर्नु ठीक छैन । यस्तो सल्लाह गरी सबै सम्यक सम्बुद्ध समक्ष गई हात जोडी नमस्कार गर्दै भन्न थाले - भन्ते ! हामीलाई आपद विपदबाट बच्न सक्ने, रोगबाट मुक्त हुने उपाय चाहियो । अरुहरूले नाना प्रकारका मन्त्र तन्त्र गर्दै रोग निको पारिरहेका छन् । हामीलाई पनि जे भए पनि एक उपाय सिकाउनु पर्‍यो । अरुले हामीलाई होच्याउँदै गिजाउन थाले ।

बुद्धले विचार गर्नु भयो– अब भने केही उपाय नगरी भएन । मानिसहरूको मन कमजोर भयो । पुराना संस्कार बल्भिन थाल्यो । उपाय एउटा सोच्नु पर्‍यो भन्ने ठानी विचार गर्नु भयो– मैले आजसम्म कसैलाई पनि बिगार्ने काम गरेको छैन । कसैको शत्रु बन्ने काम गरेको छैन । मैत्री नै प्रयोग गरिराखेको छु । सत्य पालन गरिराखेको छु । सत्यको फल त अवश्य पनि हुनेछ । मेरो मन शुद्ध छ भने मैत्री पवित्र छ भने अवश्य पनि मानिसहरूको रोग भय विघ्न बाधा हटेर जावस् भनी अधिष्ठान गरी रत्न सूत्र देशना गर्नु भयो । सबै मानिसहरू (प्राणीहरू) को चित्त शुद्ध होस्, परस्पर मैत्री चित्तको उदय होस् । यस वचन र मैत्री बलको प्रभावले सुखी होस् निरोगी होस् ।

**एतेन सच्च वज्जेन सोत्थिते होतु सब्बदा,**
**एतेन सच्च वज्जेन सब्बरोगो विनस्सतु,**
**एतेन सच्च वज्जेन होतु ते जय मंगलं ।**

भगवान बुद्धको मैत्री र सत्य बलले शान्ति स्थापना भई भय हटेको कुरा पालि साहित्यमा उल्लेख गरिएको छ ।

आजसम्म भिक्षुहरूको तर्फबाट परित्राण पाठ गराउने चलन चलिरहेको नै छ । आजसम्म कुनै-कुनै शारीरिक रोगी र मानसिक रोगीहरूलाई परित्राण पाठ गरेको बलले रोग निको भइरहेको छ । यो त मानिसहरूको विश्वास र मैत्रीको फल हो । परित्राण पाठ एक मनोविज्ञानको उपचार हो । मानिसहरूको मानसिक कमजोरी र निराश हुँदा, गरीवहरूका लागि यस्तो मनोवैज्ञानिक र धार्मिक कार्यले पनि भरोसा दिई औषधीको काम गर्छ । यो मैत्री बलको ज्वलन्त उदाहरण हो ।

वैद्य र डाक्टरहरूसंग पनि मैत्री चित्त हुनु अत्यावश्यक छ । औषधीको बलले भन्दा पनि मैत्री बलले छिटो रोगीहरूको रोग निको हुने गर्छ । मैत्रीपूर्वक नरम र शिष्ट स्वभावले दया राखी कुरा गर्न जान्ने डाक्टर र वैद्यको राम्रो व्यवहारले मात्रै पनि मानिसहरूको रोग निको हुन साथ दिइरहेको हुन्छ । अस्पतालमा एकदिन डाक्टर आइदिएन भने पनि बिरामीहरूको मन खिन्न भई रोग चर्को हुने गर्छ । डाक्टर आएको देख्ने वित्तिकै बिरामीहरूको मनमा सन्तोषको अनुभव भएर रोग कम भएको अनुभव गर्छ । मैत्रीपूर्वक विचार पुऱ्याई कुरा गर्न जान्ने डाक्टर पर्‍यो भने त झन प्रभावकारी औषधी बन्दो रहेछ ।

त्यस्तै शिक्षकहरूसंग पनि मैत्री चित्त हुनुपर्छ । मैत्री चित्त राखी पढाउँदा विद्यार्थीहरूको मनमा शिक्षा राम्ररी घुस्छ । विद्यार्थीहरूले पनि गुरुको आज्ञा पालन गर्नेछन् । फलस्वरूप तिनीहरूलाई अनुशासन पालन गराउन सजिलो हुन्छ । मैत्री चित्त बलियो भयो भने यसको प्रभावले अरुको मन परिलंदो रहेछ भन्ने एउटा प्रमाण अगाडि सार्दछु–

वि.सं. २००७ सालको कुरो । श्री ५ त्रिभुवन दिल्ली सवारी भइसके पछि भारत सरकारको तर्फबाट नेपालको परिस्थिति के कस्तो रहेछ, नेपाली जनताको विचार के हो बुझ्नको लागि प्रतिनिधि मण्डल पठाइँदा राणा सरकारले कसैलाई केही पनि यस विषयमा जानकारी नदिई गोप्य गरिएको थियो । तर कुनै कारणवस यस विषयमा जनतालाई जानकारी भएपछि थुप्रै जनताहरू गौचरणमा जम्मा हुन पुगेछ । त्यही बेलामा पुलिसले लाठी चार्ज गर्दै टाउको फुट्ने गरी पिट्दै ल्याएछ । मानिसहरूको त्यस हूलमा आनन्दकुटी विहारका उपासकहरू पनि सम्मिलित थिए । उनीहरू भाग्न पाएनछ । पुलिसले धमाधम पिट्दै ल्याएछ । पुलिस अगाडि पुग्न लागेको बेला उनीहरूले आँखा चिम्लेर मैत्री भावना गर्न शुरु गरेछ । अनि पुलिस अगाडि पुग्ने वित्तिकै के विचार आएछ कुन्नि फनक्क फर्केर गए रे । यस घटनाले प्रष्ट गर्छ मैत्रीको प्रत्यक्ष फल अहिले सम्म पनि देखा पर्दैछ । *क्रमश:*

# अभिमान

■ श्रीमती लक्ष्मी हीरा तुलाधर

अभिमान धयागु छु ? जिं स्यूथें अभिमान धयागु मनूतयके दइगु अवगुण मध्ये छगू खः धासां ज्यू । गुम्हसिके अप्पो मात्राय् अभिमान दुसा गुम्ह सिके कम मात्राय जुई । तर अभिमान मदुम्ह मनूतला दहे मदु धायत लिफ स्वय् मालि मखु । अभिमान मनूतयके जक दइगु अवगुण मखु ध्व सारा जीवात्मा पशुपंक्षी तयके नं दइगु अवगुण खः । तर थः थःगु जाते थःथःगु पहलं अभिमान व्यक्त याना क्यनी । अय् जुगूया कारणं याना ध्व छगू प्राकृतिक स्वभाव (Nature Gift) नं खः ।

अभिमान धयागु भ्रीसं मचायकहे उत्पन्न जुया वईगु छगू जोश खः । ध्व अभिमान यात गनं मानव जातीया अवगुण अथवा पतन जुइगु लक्षण लँपु खसा गनं मानव जातीया प्रगती जुइगु छगु मुख्य धार नं खः । मखुगु थासे अभिमान उत्पन्न जुल धासा व मनू पतन जुई त्यन धका सिइका काय्माः । अथे खःगु भिंगु थासे अभिमान उत्पन्न जुल धासा वया तधंगु प्रगती उन्नति अथवा सफल जुईगु या लक्षण खः धैगु खँनं सिइके फयकेमा । उकीं खःगु थासे छुं न छुं भ्रीसं अभिमान नं याय्माः । ध्व गनं खःगु थाय् गनं मखुगु थाय् ध्व छुट्य् यायगु तीक्ष्ण शक्ति दयमाः । मखुसा मनूतय्ला थमं याय् त्यनागु ज्याः न्ह्यागगुहे थ जुइमा खः थें ज्यू थें ताईगु स्वभाव खःया सुनानं वयात आलोचना यात धासा तुरून्त हे तँ पिहाँ वय् धुंकिइ । अभिमान बढे जुइ धुंकई ताकी व स्वयाः जिं यक्कों स्यूउ सः उकिं वं जित स्यने मागु मदु धैगु मत्तीइ वय् धुंकइ गुकिं योनां वं वखँ खः मखु धैगु हे विचाः मयासे थःगु हे जिद्दिइ च्वनेत स्वइ । वयात हे धाइ अभिमान । गुगु अभिमानया बसे वना व पतन तक्कनं जुई फु ।

संसारे मनू जन्म धैगु हे समस्यां हीत्तु मतु हिला च्वनीगु छगू भुमरी खः । व भुमरी हे मनू जन्म काइ, मचां निसे ल्यायम्ह ल्यासे, बूढा बूढी अले मसीइ तल्ले अनेक किसिमया सांसारीक दुःख सुखया भुमरी हीत्तु मत्तु हिलाः सिना वनी । छाय् धासा मनू छम्ह सामाजिक प्राणी खः । व समाजे जन्म जुइ, ब्वलनी, अले निधन तकं वहे समाजे जुइ ।

मनू तय्गु जीन्दगी अनेक दुःख सुख समस्या वई तर व समस्या वं सिइक सिकं दयकीगु मखु । व समस्या वं याःगु ज्यां, वं ल्हागु खं अथवा वयागु व्यवहारया हेतुं उत्पन्न जूगु खः । ध्व समस्या गनं बांलाःगु जूसां गनं बामलाःगु नं पूर्व जन्मया फल नं जइफु । ध्व फुक्कं वयागु भिंगु अथवा मभिंगु सत संगत् व पूर्व जन्मया प्रतिबिम्ब खः । उकिया कारणं याना छुँ बामलाःगु समस्यानं सुनानं याना उत्पन्न जुइ मखु । ध्व छु नं छुं हेतुं उत्पन्न जुई ।

बुद्धि मानीपिं, भिंपिं मनू तयगु सत्संगत अप्पो याना च्वने फत धाःसा वयात बाँ बाँ लाःगु कुसल कर्म दयकु दयकुँ यंके फई धासा, मूर्ख तयगु मभिंपिनिगु सत्संगत अप्पो जुलसा वं मभिंगु व वांमलागु समस्या या समस्याय् ततःमतः क्य क्यं वनी गुकिँ याना व व्यक्ति व समस्यां उम्के जुइत तसकं थाकुई । तधंगु भुमरी व लाः वनी । छगू मभिंगु ज्यां यानाः भिगू मभिंगु हेतु उत्पन्न जुई ध्व स्वभाविक खः ।

गन तक्क छगू समस्यां मेगु समस्या मदय्केत अनेक खःगुं मखुगुं खंः व ज्या यायां वनी अले वं हरेक पलाःखय् संस्कार प्यु प्यूं वनी । गुगु संस्कार जन्म जन्म पतिं वं भोगय् यायां वनेमाः । ध्व बुद्ध वचन खः । ध्व संस्कार धैगु हे छुँ ज्या खँ हेतुं दयकूगु खः । अथे जूगु या कारणं यानाः हे बुद्धं भ्रीत भिंगु संस्कार पियत भिंगु खँ न्यनेमाः, भिंपिनिगु संगत याय्मा, पञ्चशीलया बांलाक्क पालन याय्मा धकाः ध्वा थुईक कना बिज्यागु दु । गुम्हस्यां पञ्च शीलया पालन बाँलाक याई वं पिना वंगु संस्कारनं अवश्यं बाँलाना वनी ।

भ्रीपिं अनेक जन्म हितु मुतु हिलाः जन्म व मरणया घचाले न्ह्यावलें चाचाः हिला गुवलें हे अन्त मजुईगु दुःखे च्वं च्वने मालिगु हे ध्व हेतुं यानाः खः ।

अय्लाः गुलुँ स्वय्ःबले अयलाः मत्वनीपीं फुक्कं उल्लु वा, जीवने मोजमज्जाया सवाः मथूपिं अभिमानी पिनिसं स्वय्बले मेपिँ फुकं हे थः स्वयाः चिधँ ताई । छाय् धासां व अभिमानं तोपुयाः इमिसं ज्ञानी धयाम्ह सु धयागु खँ थूसां, बुद्धिमानी खः सां तबी गुण पचेयाना थगुहे अभिमान तोतेत स्वई । करपिन्त घृणा व निन्दा यायत स्वई, संसारीक भुल भुलैयाय् चाहिलेत स्वई, थःगु घमण्डि च्वनेत स्वइ गुकिँयाना व व्यक्ति पतन जुई । धात्थें धाय् धाःसा ध्व गुण न्ह्याह्मं सः स्यूपिंके दहे दु । ध्व खं भ्री सक्स्यां स्यू । थन्यापिं व्यक्ति भ्री भ्रीगु पुचलय् दथ्वी हे दया च्वं । तापक् माः वनेम्वा । भ्रीसं ह्मसिके जक्क फयकेमा । अभिमानी जुईगु कारण यक्को दु । अथे धनं प्रमत्त जुया, रूपं परिपक्क जुया, सः स्यू बुद्धिमान अप्पो जुया, बहादुरी, जाती (मिसा मिजं) याना (गथे मिसा मिजं अथवा शक्तिबलं संयुक्तम्ह इत्यादि जुया मनूतय्के मचाय्क अभिमान बढे जुयामन यात होशे वशे तय् मफयाः पतन जुइयो । अथेया कारणं याना अभिमान बढे जुल धैगु खँ चाय्केया लागि सत्संगत भिनेहेमाः वराबर भिंगु खँ न्यना च्वनेहेमाः । थुकिया सिल सिलाय् जितः बुद्ध कालिन खँ छकुचा लुमना वो ।

सारिपुत्र भन्ते पण्डित ब्राह्मण तिनिबले अस्सजीत भन्ते भिक्षा बिज्याना च्वंगु खना बिज्यात । वस्पोलःयात खनेसाथं हे व पण्डित ब्राह्मणं थुल की ध्व छम्ह तःधंम्ह ज्ञानी खः । गथे सर्पया तुती सर्पहे जक्क खनी, अथेहे ज्ञानी अथवा बुद्धिमानीतयसं ज्ञानीत खन धायवं तुरून्त ह्मसीका काय् फै । अले वस्पोल व भन्तेया ल्यू ल्यू बिज्यात । छथाय् थ्यंकाः व पण्डितं आदर गौरब तयाः ल्हा बिन्ति यानाः न्यना बिज्यात– “छलपोलया गुरू सुथें ? असजीत भन्तेनं वस्पोलयात बाँलाक्क ख्वाः स्वयाः थथे धकाः लिसः बिया बिज्यात–

> “हे धम्मा हेतु प्पभावा
> तेसं हेतु तथागतो आह
> एवं बादी महासमणो”

अथवा संसारे छु नं दुःख या हेतु दु, हेतु खंका निरोध जुइगु लँ क्यना बिज्याम्ह खः जिमि गुरु ।

थुलि खँ न्यने मात्रं हे पण्डित ब्राह्मणं गात गात जिं थुल धया बिज्यात । छाय् धासा वस्पोल नं छम्ह धर्म शास्त्र पोख्तम्ह खः । वस्पोलं व निगू वाक्यं हे उकी दुने च्वंगु फुक्कं खँ थुइका बिज्यात । वस्पोलं आःजि निर्वाणया लँपुई थ्यनिगु जुल धैगु खँ सिइका बिज्यात ।

अबले वस्पोलया गुरू छम्ह तःधंम्ह ऋद्धिबानम्ह ऋषी जुयाच्वन । तर थः गुरू तःधंम्ह ऋद्धिवान खः धका वस्पोलं बाँलाक स्यूसां तबी वस्पोल, या गुरु ऋषीया लँपुं निर्वाण थ्यनी मखु धैगु वस्पोलं बाँलाक् थुइका आ ध्व श्रमण गौतमं क्यंगु लपुई न्ह्याःवन




Downloaded from http://www.dhamma.digital

धासा जि अवश्य निर्वाण थ्यनी धैगु खँ थुइका: थ: गुरू ऋषी याथाय् वना व श्रमण ब्राह्मणया गुरू जि श्रमण गौतमया शरणे वने त्यना धका विदा का: बिज्यात । वस्पोल लिसे मेपिं ऋषीया न्यास: शिष्यपींनं बुद्धया शरणे वन । वस्पोलं सुयातं पने मफुत । छाय धासा वस्पोलँ बाँलाक्क थुकि व श्रमण गौतम थ: स्वयानं ज्ञानं परिपक्कोम्ह ख: धम्हं मस्यूगु निर्वाणे थ्यंकेगु लँपु खंके धुंकुम्ह ख: । थनं बुद्धयाहे शरणे वंसा जक निर्वाणे थ्यंके फई धयागु खँ सिइका थुईकं नं थ: शिष्य पिनि न्ह्योने थ: चिधं जुई धैगु अभिमानं तोपुया वस्पोल बुद्धया शरणे मवं वरु थ: चेलात फुक्कं बुद्धया शरणे वंगुया कारणं याना नुग: मछिना नुग:हे पंम्हुया सिना वन ।

थुकिं भ्कीसं थुइका काय् फुकि ऋद्धि युक्तम्ह अपाय मछि धंम्ह ज्ञानं परिपक्कोम्ह जिन्दगी ऋषि जीवन हना जंगले च्वना च्वंम्ह ज्ञानी जूसाँ तवि अभिमानया हेतुं याना अन्यागु निच गत्ति लाना प्राण त्याग याय् मालावन गुम्हकि बुद्धं कनाविज्यागु लँपुई मिहेनत याना वन धासा निर्वाण तकं थ्यंके फूम्ह ख: । ध्व बाखँ नं नं भ्कीसं थुइका काय् फुकि न्हयाथे ज्यागु समस्याया कारण नं हेतु हे ख: । व ऋषिया नीच गतिया हेतु ख: वहे अभिमान । आ भ्कीसं थुईकेमा कि भ्कीईत छुं समस्या उत्पन्न जुई साथं सुयातं दोष विई न्ह्यो उकिया हेतु छु धका: न्हापालाक माला स्वय फयेकेमा । अले व हेतुं मुक्त जुइ फयकेमा । थथे जुईत क्षण क्षणे पला: पत्तिकं होश तय् फयकेमा । होश तय फयकेत चंचल मन ज्वने फयकेमा हेतु या मुहान मन ख: । चंचल मन ज्वनेत ध्याने च्वनेमा: । ध्यान भावनां संसार अनित्य धैगु पलापतिं बांलाक थुया वइ । अनित्य थुलकि अभिमानया मूल हा चबुना वनि । अभिमानया हा चवुत धायव ख: मखु ज्यू मज्यू भिं मभिं छुटे यायगु शक्ति दया वइ गुकींयाना छपला छपला: यायां तापागु निर्वाणया लँपुई न्ह्यावने फई । निर्वाण धयागु हे सदा सदाया लागि भवतु सब्ब मंगलं दु:खं मुक्तगु अवस्था ख: । निर्मल शून्य व शान्ति अवस्था ख: ।

उकिं भ्कीगु देशे नं शान्ति माला च्वंगु दु । सकलें देशया समस्या स्वया वाक्क वया: सकस्या म्हुतं शान्ति शान्ति हाला च्वंगु दु । तर देशे शान्ति तनावना अशान्ति जुया च्वंगु दु । थुकिया हेतु छु ? धका सुनानं बिचा: मया: । थथ:गु अभिमाने थथ:हे सस्युउ व नायो जुया च्वंगु दु । गुकिया लिचो शान्ति पलेसा अशान्ति जुया च्वंगु दु । उकी सकस्यां शान्ति शान्ति धका हाला जुइगु या पलेसा अशान्तिया हेतु हे थथ:गु अभिमान ख: धैगु खं थुइके मागु दु । अले छम्हसियां मेम्हसित अभिमान मयासे मैत्रीपुर्ण व्यवहार याय् मागु दु ।

भवतु सब्ब मंगलं

धर्म प्रचार — ★ समाचार ★

# नेपाल राष्ट्रिय ज्ञानमाला समितिको दोश्रो साधारण सभा र निर्वाचन सम्पन्न

*२०६३ आश्विन २९ गते; काठमाडौं ।*

नेपाल राष्ट्रिय ज्ञानमाला समितिको दोश्रो साधारण सभा र नयाँ कार्य समितिको निर्वाचन सम्पन्न भएको समाचार छ । काठमाडौं, ललितपुर, भक्तपुर, रुपन्देही, कास्की, गुल्मी, सुनसरी, मकवानपुर आदि जिल्लाका ५० भन्दा बढी ज्ञानमाला भजन खल:बाट ६६ जना प्रतिनिधिहरूले भाग लिएको उक्त कार्यक्रममा राष्ट्रिय महत्त्वका ५ बुँदे प्रस्तावहरू सर्वसम्मत रूपमा पारित गरिएको पनि समाचार छ ।

उक्त दोश्री साधारण सभाबाट निर्वाचित नयाँ कार्यसमिति र ५ बुँदे प्रस्ताव यसरी उल्लेख गरिएको छ ।

### दोस्रो केन्द्रीय साधारण सभाले निर्वाचन पद्दतिद्वारा निर्वाचित

### नयाँ कार्यसमिति (२०६३/६/२९)

१. श्री शान्तरत्न शाक्य, काठमाडौं - अध्यक्ष
२. प्रा. सुवर्ण शाक्य, काठमाडौं - वरिष्ठ उपाध्यक्ष
३. श्री धर्मरत्न शाक्य, ललितपुर - उपाध्यक्ष - मध्यमाञ्चल
४. श्री कृष्णप्रशाद शाक्य, तानसेन-उपाध्यक्ष-पश्चिमाञ्चल
५. श्री मोहनप्रशाद शाक्य, विराटनगर-उपाध्यक्ष-पूर्वाञ्चल
६. श्री किरणकुमार जोशी, काठमाडौं-महासचिव
७. श्री शान्तकुमार चित्रकार, काठमाडौं-कोषाध्यक्ष
८. श्री इन्द्रमुनि शाक्य, ललितपुर-उपमहासचिव
९. श्री हेमराज शाक्य, ललितपुर-सहकोषाध्यक्ष
१०. श्री सर्जुलाल बज्राचार्य, तानसेन-केन्द्रीय सदस्य
११. श्रमिती चन्द्रीका शाक्य, विराटनगर-केन्द्रीय सदस्य
१२. श्री अमीरमान शाक्य, काठमाडौं-केन्द्रीय सदस्य
१३. श्री पूर्णरत्न बज्राचार्य, वुटवल-केन्द्रीय सदस्य
१४. श्री धनकृष्ण महर्जन, कीर्तिपुर-केन्द्रीय सदस्य
१५. श्री उत्तममान बुद्धाचार्य, पोखरा-केन्द्रीय सदस्य

**पारित प्रस्ताव–**

नं. १. ज्ञानमाला भजनलाई नेपाली भाषामा पनि प्रचार प्रसार गर्ने ।
नं. २. कुनै पनि ज्ञानमाला भजन कार्यक्रममा मद्यपान (सुरापान) र नसालु पदार्थ सेवन निषेध गर्ने गराउने ।
नं. ३. नेपाल सरकारद्वारा धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेकोमा सहर्ष पूर्णरुपेन समर्थन गर्दै धन्यवाद ज्ञापन गर्ने ।
नं. ४. पोशाकमा एकरुपता बारे सम्बन्धित ज्ञानमाला संघसंस्थाहरूको सल्लाह लिई निधो गर्ने ।
नं. ५. शुल्क अभिवृद्धि सम्बन्धमा समयानुकुल यथोचित अभिवृद्धि गर्ने ।

**विषय- भगवान् बुद्धलाई आरोप**

*प्रवचक- डा. नरेश मान वज्राचार्य*

*संचालक- श्रद्धेय इन्दावती गुरुमां, रिपोर्टर- सुभद्रा स्थापित*

यसदिन डा. नरेशमान वज्राचार्यले प्रवचन दिनुहुँदै भन्नुभयो–

जुनसुकै व्यक्तिले पनि आ-आफ्नो धर्म नै ठूलो ठान्छन्, आजको एक्काइसौं शताब्दीमा जस्तै बुद्ध कालिन समयमा पनि थुप्रै प्रकारका धर्मावलम्बीहरू नभएका होइनन् । त्यसबेलाका तीर्थंकर र अन्य दार्शनिकहरू समेतले बुद्धलाई आलोचना गर्न पछि परेनन् । भगवान् बुद्ध जस्ता ३२ लक्षण र ९ गुणहरूले सम्पन्न हुनुभएका महामानवलाई समेत उनीहरूले आरोप लगाउँदै गुनासो गर्थे । बुद्धले यी सबैका आरोप र गुनासाहरूलाई मौन भई सुनीरहनु हुन्थ्यो । तर कसैलाई पनि चित्त दुख्ने गरी केही भन्नु हुन्नथ्यो । यसको जवाफमा जसले जस्तो भन्यो उस्तै गरी सुहाउँदो र बुझ्न सक्ने गरी जवाफ दिनुभई उनीहरूलाई धर्मको सत्यतथ्य बुझाइ बोध गर्न सफल हुनुहुन्थ्यो ।

उदाहरणको लागि एक दार्शनिकले उहाँलाई केही काम नगरी भोजन मात्र गरी बस्ने अक्रियावादी व्यक्तिको रुपमा आरोप लगाएका थिए । उक्त दार्शनिकहरूलाई भगवान बुद्धले उसले भनेको कुरा ठीकै हो, किनभने बुद्धले शरीरबाट गर्नु नहुने ३ कार्यहरू वचनबाट गर्नु नहुने ४ प्रकारका अकुशल वचनहरू र मनबाट सोचिने ३ प्रकार का अकुशलहरूलाई गर्दै नगरी कुशल मात्र गर्ने गरेको छु भनी उत्तर दिनुभई धर्मको कुरा बुझाउनु भएको थियो ।

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

गत कार्तिक १३ अष्टमी देखि मंसीर ४ गते औंशी सम्म धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम यसरी संचालन भएको थियो ।

| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
|---|---|---|
| २०६३ कार्तिक १३ | वीर्यवती गुरुमां | धम्मवती गुरुमां |
| २०६३ कार्तिक १९ | चमेली गुरुमां | वर्मी सयादो |
| २०६३ कार्तिक २७ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६३ मंसीर १ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६३ मंसीर ३ | खेमावती गुरुमां | सयादो उ नन्द |
| २०६३ मंसीर ४ | इन्दावती गुरुमां | धम्मवती गुरुमां |

*२०६३ कार्तिक ४ गते, शनिवार ।*

**विषय : अप्रमाद हुनु**

*स्थान- धर्मकीर्ति विहार, श्रीघः ।*

*प्रवचिका- श्रद्धेय सुजाता गुरुमां*

*कक्षा संचालन- श्याम लाल चित्रकार*

*प्रस्तुति- मिनरवति तुलाधर*

यसदिन श्रद्धेय सुजाता गुरुमांले प्रवचन दिनुहुँदै भन्नुभयो–

भगवान बुद्धको अन्तिम वचन–

**हन्ददानि भिक्खवे आमन्तयामि वय धम्मा संङ्खारा अप्पमादेन सम्पादेथ–**

"भिक्षुहरू ! संस्कार सबै अनित्य हुनाले अप्रमादि भएर राम्ररी स्मृति राखी गुणधर्मको सम्पादन गर ।"

भगवान बुद्धले संधै अटुट रूपले प्रयोग गर्ने शब्दहरू:

१. **बुद्धस्स उप्पादो दुल्लभो** = बुद्ध उत्पन्न हुनु दुर्लभ
२. **मनुस्स भावो दुल्लभो** = मानिस भएर जन्म हुनु दुर्लभ
३. **दुल्लभो सद्धा सम्पत्ति** = सद्धा सम्पत्ति हुनु दुर्लभ
४. **प्रब्बजित भावो दुल्लभो** = प्रव्रजित जीवन बिताउनु सक्नु दुर्लभ
५. **सद्धम्म सवनं दुल्लभो** = सद्धम्म सुन्न पाउनु दुर्लभ

त्यस मंगल सूत्र गाथामा हामीले संधै धार्मिक कार्यमा होशीयारी भएर गर्नुपर्छ । धर्म गर्दा खेरि हर्षचित्तले गर्नुपर्छ । बेहोशी भएर बस्नु हुँदैन भनेर भगवान बुद्धले भन्नुभएको छ । यो गाथा श्यामावति महारानीको कारणमा भन्नुभएको हो ।

**अप्पमादो अमत पदं, पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता न मीयन्ति, ये पमत्ता यथामता ॥**

***अर्थ***– प्रमादि भएर जीउनु मृत्युको बाटोमा (मार्गमा) जानु हो, अप्रमादि (होशीयारी) भएर जीउनु निर्वाणको बाटोमा जानु हो । बेहोशीहरू मृत्यु भए जस्तै होशीयारीहरू मुत्यु हुँदैन । बेहोशीहरू बाँची राखेता पनि मरेकै तुल्य हुन्छ तर अप्रमादिहरू मरेर गएतापनि बाँचेको बराबर हुन्छ । यस्तो घटना श्यामावति र मागन्दिको जीवनमा घटेका घटनाबाट बुझ्न सक्छौं । अशोक महाराज आफ्नै भतिजा निग्रोध श्रामणेरको अप्पमाद शब्दले बोध भई बुद्ध शिष्य बनी धर्म प्रचार गरी पुण्य संचय गर्न सफल भए ।



Downloaded from http://www.dhamma.digital

*२०६३ कार्तिक ११ गते, शनिवार*

**विषय : मिलिन्द प्रश्न (अनुमान प्रश्न)**

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघ ।*

*प्रवचिका- श्रद्धेय इन्दावती गुरुमां*

संचालक- श्याम लाल चित्रकार *प्रस्तुति- प्रेम लक्ष्मी तुलाधर*

मिलिन्द प्रशन भन्दाखेरि नागसेन भन्ते र मिलिन्द राजाको बिषयमा भएका प्रशन-उत्तरको कुराकानी हो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको शनिवारको कक्षामा श्रद्धेय इन्दावती गुरूमांले मिलिन्द प्रश्नको "अनुमान प्रशन" को बिषयमा प्रवचन दिंदै भन्नुभयो–

१. बुद्धहरू एकैचोटि उत्पन्न हुन्छ वा हुन्दैन भन्ने प्रशन नागसेन भन्ते र मिलिन्द राजाको बिच भएको कुरामा बुद्धहरू एकैसाथ उत्पन्न हुन्दैन किनभने दश सहस्र लोक धातुले एउटा बुद्ध मात्र धारण गर्न सक्छ नत्र दश सहस्र लोक धातु भुकम्प भएर पृथ्वीले भार समाल्न सक्दैन । जस्तैः एकजना मात्र अट्ने डुङ्गामा २ जना मानिस अट्न सक्दैन ।

२. त्यस्तै प्रजापति गौतमीद्वारा धेरै दुःख कष्ट सहेर बुनेको वस्त्र बुद्धले संघलाई दान दिलाउनु भएको थियो कारण संघलाई दान दियो भने धर्म बलियो हुन्छ । धर्म बलियो हुनु नै बुद्धको शिक्षालाई मानेको हुन्छ र बुद्धलाई मानेको हुन्छ भन्ने बुद्ध बचन हो ।

३. गृहस्थ र प्रव्रजितमा को श्रेष्ठ भन्ने बिषयमा प्रश्नको उत्तरमा जसले सम्यक आचरण काम गरेको हुन्छ "म प्रशंसा गर्दछु" भन्ने भाव बुद्ध भगवानले प्रकट गर्नु भएको थियो ।

गृहस्थ जीवनमा सम्यक आचरण गरेता पनि घरको भन्भटमा फस्न सक्छ तर भिक्षुको जीवन त्यति भन्भट हुन्दैन । त्यसैले प्रवजितमा अनगिन्ति पुण्यको भागि हुन्छ भन्ने बुद्धको महाणवाणी हो ।

**४. दुस्करचर्याको दोष-** बोधिसत्वले दुस्कर चर्या गरेर पनि ज्ञान प्राप्त गर्न सकेन पछि बिस्तारै भोजनको आरम्भ पछि मात्र ज्ञान प्राप्त भयो किन भन्ने प्रश्नमा विर्य उद्योग धेरै भयो तर आहार नगरेकोले शरिर निर्बल भएको कारणले हो । बुद्ध धर्म मध्यम मार्ग भएको कारण भोजन गरेर शरीर स्वस्थ भएपछि ज्ञान प्राप्त भयो ।

**५. भिक्षु भावको परित्याग विषयको प्रश्नमा-** प्रव्रजित हुन अगाडि नै बुद्ध धर्मको नियम राम्ररी सिकेको र बुझेकोले बस्त्र छोडेर जान्दैन । किनकी बुद्धको धर्म अतिउत्तम धर्म हो । बुद्ध धर्म नबुझ्नेले र क्लेस युक्त भएकाले मात्र वस्त्र छोडेर जान्छ । यो बुद्ध शासनको दोष होइन मानिसको दोष हो ।

तर चीवर छोडेर जानेहरूले पनि बुद्ध धर्ममा ५ गुणहरू देख्दछन्–

१. प्रव्रज्या भूमि महान छ     २. प्रव्रज्या शुद्ध र विमल छ

३. अपवित्र मानिसहरू प्रव्रजित हुन सक्दैन

४. प्रव्रजितको गौरब साधारण मानिसको पहुँच भन्दा पर छ ।

५. प्रव्रज्याले धेरै संयम राख्दछ ।

**अञ्जु थापा प्रव्रजित गुरुमां भइन्**

*२०६३ कार्तिक १९ गते*

*स्थान- धर्मकीर्ति विहार, श्रीघःनःघः ।*

सिन्धुपाल्चोक निवासी अञ्जु थापा यसदिन धर्मकीर्ति विहारमा धम्मवती गुरुमांको आचार्यत्वमा प्रव्रजित गुरुमां बनिन् । उनीले ६ महिनासम्म धर्मकीर्ति विहारमा रही ऋषिनी प्रव्रज्या जीवन बिताएकी थिइन् । उनको प्रव्रजित पछिको नाम ओभासवती रहेको छ । १५ वर्षिय ओभासवती हाल धर्मकीर्ति विहारमा नै रहने गर्छिन् ।

*२०६३ आश्विन २८ गते ।*

**विषय- पोट्ठपाद सूत्र**

*स्थान- धर्मकीर्ति विहार, श्रीघःनःघः*

*प्रवचक- श्यामलाल चित्रकार ।   प्रस्तुति- सुभद्रा स्थापित*

*कक्षा संचालक- श्रद्धेय इन्दावती गुरुमां*

यसदिन प्रवचक श्यामलाल चित्रकारले पोट्ठपाद ब्राह्मणले भगवान बुद्ध समक्ष सञ्ञा (संज्ञा) विषयमा जान्ने उत्सुकता प्रकट गरेको र उनलाई भगवान् बुद्धले यस विषयमा बुझाउनको लागि चित्त र चेतसिकको व्याख्या गर्नुभएको बुद्धकालिन घटना प्रस्तुत गर्नुभएको थियो ।

**धर्मकीर्ति विहार पुनःनिर्मित भवनको वार्षिकोत्सव सम्पन्न**

*२०६३ मंसीर ४, धर्मकीर्ति विहार ।* दाता द्रव्यमान सिंह, बसुन्धरा तुलाधर प्रमुख सपरिवारको सश्रद्धाबाट पुनःनिर्मित धर्मकीर्ति विहारको वार्षिकोत्सव सम्पन्न भएको छ । विहान बुद्ध पूजा पश्चात् श्रद्धेय धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा भन्ते गुरुमांहरूको तर्फबाट सामूहिक परित्राण पाठ गरिएको थियो । यसको लगतै पछि दाता परिवारको तर्फबाट भन्ते गुरुमांहरूलाई दान प्रदान गरिनुका साथै जलपान भोजन पनि दान गरिएको थियो । यसरीनै यस दिनको बुद्ध पूजा कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण श्रद्धालु उपासकोपासिकाहरूलाई दाता परिवारको तर्फबाट जलपान दान गरिएको थियो ।

### परियत्ति परिक्षा उत्तीर्ण विद्याथीहरूलाई पुरस्कार प्रदान

*२०६३ भाद्र २४, श्री सिद्धि मंगल बुद्ध विहार, ठसि*
सिद्धि मंगल बुद्ध विहारको वार्षिक समारोह सभामा परियत्ति शिक्षामा उत्तीर्ण ११ जना विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरिएको समाचार छ । श्रद्धेय भन्ते प्रज्ञाकीर्तिको सभापतित्वमा संचालित उक्त कार्यक्रममा विहार निर्माण कार्यका लागि जग्गा दान दिनुहुने र भगवान बुद्धको प्रतिमा स्थापना गर्न आर्थिक सहयोग दिनुहुने १६ जना व्यक्तिहरूलाई अभिनन्दन पत्र प्रदान गरिएको थियो। उक्त पुरस्कार र अभिनन्दन पत्र भू.पू. माननिय मन्त्री बुद्धिराज वज्राचार्यले प्रदान गर्नुभएको थियो ।

उक्त समारोहमा परियत्ति शिक्षा हासिल गर्ने ४० जना विद्यार्थीहरूलाई मोतिलाल शिल्पकारज्यूबाट पुरस्कार दिनुभएको थियो भने शिक्षकहरू ८ जनालाई पूर्ण सिद्धिबाट नगद पुरस्कार दिनुभएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

### बुद्ध जयन्तीको उपलक्ष्यमा प्रवचन

आगामी २५५१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा प्रत्येक पूर्णिमाको दिन बुद्ध धर्म सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने योजना अनुसार नेपाल बौद्ध समाजले गत भाद्र २२ गते बुधवार ललितपुरको जय मनोहर महाविहार, सुवहालमा मधुपूर्णिमा (यैंया पुन्ही) संग बुद्ध धर्मको सम्बन्धलाई लिएर प्रवचन कार्यक्रम सञ्चालन गरिएको समाचार छ । त्यस कार्यक्रममा प्रवचक डा. लक्ष्मण शाक्यले मधुपूर्णिमासंग बुद्धधर्मको सम्बन्धलाई लिएर विस्तृत व्याख्या गर्नु भएको थियो । प्रवचन कार्यक्रम सुरु हुन अघि उक्त समाजका अध्यक्ष महीश्वरराज वज्राचार्यले प्रत्येक पूर्णिमाको दिन हुने यस कार्यक्रमले निरन्तरता लिने कुरा बताउनु हुँदै आगामी २५५१ औं बुद्ध जयन्ती भव्य रुपमा मनाउन उक्त जयन्ती मनाउने अभिभारा लिएका नेपाल बौद्ध परिषदलाई सो समाजको तर्फबाट आवश्यक सम्पूर्ण सहयोग गर्ने वचन बद्धत्ता व्यक्त गर्नु भयो। यसका साथै उक्त जय मनोहर महाविहारसंग पनि उहाँले त्यसको लागि सहयोगको आह्वान गर्नुभयो ।

सामुहिक बुद्धपूजा एवं पञ्चशील प्रार्थनाबाट सुरु भएको सो समारोहमा जय मनोहर महाविहार सुधार समितिका उपाध्यक्ष बुद्धरत्न शाक्यले स्वागत मन्तव्य दिनुभएको थियो भने सचिव शुभरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । सुश्री समिता शाक्यबाट उद्घोषण भएको सो धर्म सभाको अन्तमा डा. लक्ष्मण शाक्यबाट पुण्यानुमोदन भई सभाविसर्जन भएको थियो । त्यस धर्म सभाको सभापतित्त्व उक्त विहारका थकाली (आजु) भाई शाक्यले गर्नुभएको थियो ।

### रक्तदान कार्यक्रम सम्पन्न

*भाद्र १९ गते म्याग्दीको बेनि*

भाद्र १९ गते सोमवार म्याग्दी जिल्लाको बेनी बजारमा म्याग्दी बौद्ध संघको आयोजनामा संघको वार्षिक कार्यक्रम अनुसार रक्तदान कार्यक्रम सम्पन्न भयो । पञ्चशील प्रार्थना गरी शुरु भएको सो कार्यक्रम नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा म्याग्दीका सभापति श्री हरि कृष्ण श्रेष्ठज्यूको प्रमुख आतिथ्यता र म्याग्दी बौद्ध संघका अध्यक्ष श्री यजन लाल शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो सो कार्यक्रममा १५ जना महिला सहित ५८ जना रक्तदाताहरूले श्रद्धाले रक्तदान गर्नुभएका थिए। त्यस मध्य सबैभन्दा जेष्ठ ६० वर्षिय दल प्रसाद श्रेष्ठ ज्यूले पनि रक्तदान गर्नुभयो। उक्त कार्यक्रममा क्षेत्रिय रक्त संचार केन्द्र पोखराका प्राविधिकहरूले प्राविधिक सहयोग गर्नुभएको थियो सो कार्यक्रमबाट संकलित रगत पनि क्षेत्रिय रक्त संचारकेन्द्र पोखरामा संकलन गर्ने जानकारी प्राप्त भएको छ । सो कार्यक्रममा श्रद्धाले रक्तदान गर्ने रक्तदाताहरूलाई श्रद्धाले अन्य उपस्थित श्रद्धावान महानुभावबाट अर्थ संकलन गरि फ्रुटी, फलफूलहरू लगायत ग्लुकोज पानी खुवाइएको थियो । यसरी सम्पन्न भएको कार्यक्रममा रक्तदान कार्यक्रम उपसमितिका संयोजन दिपेन्द्र श्रेष्ठले स्वागत मन्तव्य दिनु भयो भने कार्यक्रमको संचालन रंजिता शेरचनले गर्नुभएको थियो ।

### २२६८ औं शस्त्र परित्याग दिवसको उपलक्ष्यमा ऋषिणी प्रव्रज्या

*२०६३ आश्विन ७ गते ।* नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह: पुच: नगदेशको संयुक्त पहलमा यसपल्टको २२६८ औं शस्त्र परित्याग दिवसको उपलक्ष्यमा नगदेश बुद्ध विहारको धम्महलमा श्रद्धेय भिक्षुणी केशावति गुरुमाँको रोहबरमा नगदेशका चारजना कुलपुत्रीहरूलाई प्रथमपल्ट ऋषिणी प्रव्रज्या (इस्सी पब्बज) कार्य सम्पन्न गरी एक हप्तासम्म ऋषिणी भै प्रव्रजित जीवन यापन गरी विहारमै बस्नै व्यवस्था गरीयो । यसरी प्रव्रजित हुने कुलपुत्रीहरूलाई बौद्ध संस्कार अनुरुप ऋषिणी जीवन यापन



Downloaded from http://www.dhamma.digital

गरुञ्जेल एक हप्ता सम्म गृहस्थ नाम परित्याग गरी नयाँ नामाकरण श्रद्धेय भिक्षुणी केशावतिको मुखार बिन्दूबाट तीन तीनपल्ट नामोच्चारण गरी नाम राखियो। अतः उल्लेखित कुलपुत्रीहरूको बुद्ध धर्म अनुसार को नयाँ नाम क्रमशः ऋषिणी भद्रावति (समिक्षा भट्टराई), ऋषिणी शीलवति (प्रशँसा भट्टराई), ऋषिणी कुशलावति (रिता बजु) र ऋषिणी सारवति (ईशा महर्जन) भनी चयन गरीयो। एकहप्तासम्म उल्लेखित ऋषिणीहरूले अष्टशील पालन गरी शीलवतीको रुपमा रही फुलपातिको दिनमा सम्पन्न गरी घर फर्किने भएको छ।

## ५० औं धम्मदिक्षा दिवस

*२०६३ आश्विन १८ गते।    स्थान- नगदेश बुद्ध विहार*

भारतका संविधान निर्माता, अछूट जातीका प्रणेता, एवं भारत रत्नबाट विभूषित व्यक्तित्त्व बाबासाहेब डा. भीमराव अम्बेडकर लगायत दशौं लाख मानिसहरूले त्रिशरण सहित बुद्ध शिक्षा ग्रहण गरेको पावन दिन इ.सं. १९५६ अक्टोवर-१४ लाई संस्मरण गरी ५० औं धम्म दिक्षा दिवस (स्वर्ण-दिवस) मनाइएको समाचार छ। नगदेश बौद्ध समूहद्वारा आयोजित उक्त कार्यक्रम भिक्षुणी केशावतीको प्रमुख आतिथ्यमा सुसम्पन्न गरिएको थियो।

सामूहिक पञ्चशील प्रार्थना एवं बुद्ध पूजा पश्चात् शुरु गरिएको उक्त कार्यक्रममा समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले डा. अम्बेडकरको जीवनी र योगदान विषयमा चर्चा गर्नुभई धम्म दिक्षाको महत्त्व उल्लेख गर्नुभएको थियो भने भिक्षुणी केशावतीले त्यसता युगनि महापुरुषको गुणानुस्मरण गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो। समूहका अध्यक्ष न्हुछे कुमार सिंकेमनको सभापतित्वमा संचालित उक्त कार्यक्रम सामूहिक पूण्यानुमोदन पश्चात् समापन गरिएको थियो।

## शस्त्र परित्याग दिवस

२०६३ साल असोज १६ गते सोमवार थेरवाद बौद्ध दायक केन्द्रीय परिषद र सुवर्ण छत्रपुर विहारको तत्वावधानमा सुवर्ण छत्रपुर विहार, लुभुमा विभिन्न समुदायका धर्मावलम्बिहरू, उपत्यकामा विद्यमान बौद्ध विहारका उपासक उपासिका तथा सर्व साधारण जनमानसहरूको एक विराट समूहको उपस्थितीमा शस्त्र परित्याग दिवस, थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका अध्यक्ष श्री बखत बहादुर चित्रकारको अध्यक्षतामा सम्पन्न भएको समाचार छ।

उक्त समारोहमा भिक्षुणी धम्मवतीले यहि विजया दशमीको दिन सम्राट अशोकले शस्त्र परित्याग गर्नु भई अहिंसाको बाटो अपनाई बुद्धको शान्ति सन्देश संसार भरी फैलाउनु भएको कुरा बताउनु भयो। साथै धर्मको नाममा हिंसा हाल जुन प्रचलित कुप्रथा छ त्यसलाई निरुत्साहित गर्नु पर्छ ताकी समाजमा अहिले विस्तारै बढ्दै आएको चौतर्फि नरहत्या, हिंसा, आतंक, लुटपाट समन होस्।

प्रवचनको अन्तरालमा हृदयस्पर्शी चेतनमाला रचना पनि प्रस्तुत गरेको थियो। शान्तिको साँचो अहंकार त्याग गर्नु, क्रोधी अवस्थामा कुनै निर्णय नगर्ने, मधुर व्यवहारलाई निरन्तर अनुगमन गरीरहनु पर्छ भनि थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको सचिव श्री विष्णु शाक्यले जोड दिनु भयो। धर्म निरपेक्ष सबै धर्मको रक्षार्थ अपनाउनु पर्ने एक बैज्ञानिक अपरिहार्य नियती हो भनी परिषदका सल्लाहकार श्री लोक बहादुर शाक्यले भन्नु भयो।

डा. सानुभाई डङ्गोलले सम्राट अशोक वारे अवगत गराउनु भएको थियो। पिपली बुद्ध विहारको अध्यक्ष श्री नारायण गुरुङ्ग लगायत सुवर्ण छत्रपुर विहारको अध्यक्ष पूर्णमान महर्जन र उपाध्यक्ष श्री बेखालाल महर्जनले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो।

## मैत्री बौधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

२०६३ कार्तिक १३ गते, सोमबार

मैत्री बोधिसत्त्व महाविहार सुधार सहयोग समितिको आयोजनामा एवं धम्मवती गुरुमांको नेतृत्त्वमा मैत्री बोधिसत्त्व महाविहारमा संचालित बुद्ध पूजा एवं धर्मदेशना कार्यक्रममा यसदिन धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्ध पूजा संचालन गर्नुभएको थियो। यसको साथै उहाँले बुद्ध शिक्षा सम्बन्धि धर्मदेशना गर्नुभएको थियो।

कार्यक्रममा उपस्थित हुनुभएका गुरुमांहरू लगायत सम्पूर्ण श्रद्धालु उपासकउपासिकाहरूलाई उक्त दिन उपासिका केशरी लक्ष्मी कंसाकार प्रमुख सपरिवारको तर्फबाट जलपान दान गरिएको थियो। यसदिन वसुन्धरा ज्ञानमाला समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो।

## वज्राचार्य स्मृति ग्रन्थ विमोचन

*वि.सं. २०६३ मंसीर २ गते, शनिवार।*

छाउनी स्थित मैत्री शिशु विद्यालयको प्रांगणमा भिक्षु संघ र विशिष्ट बुद्धिजीवि वर्गका विच सम्पन्न एक समारोहमा न्हुच्छेबहादुर वज्राचार्य स्मृति ग्रन्थ अखिल नेपाल भिक्षु संघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरबाट विमोचन भएको समाचार छ।

दिवंगत न्हुच्छेवहादुर वज्राचार्य आनन्दकुटी विद्यापीठका सहसंस्थापक र मैत्री शिशु विद्यालयका

संस्थापक हुनुहुन्थ्यो । कार्यक्रममा प्रा. आशाराम शाक्यले न्हुच्छे बहादुर वज्राचार्यज्यूको विषयमा विस्तृत व्याख्या गर्नुभएको थियो ।

## दिवंगत रत्नमञ्जरी गुरुमांको ८८ औं जन्मोत्सव सम्पन्न

*२०६३ मंसीर ३ गते, बालाचतुर्दशी ।*

दिवंगत रत्नमञ्जरी गुरुमां ८८ वर्ष पूरा हुनुभएको उपलक्ष्यमा र उहाँ दिवंगत हुनुभएको ४५ दिने पूण्य तिथीको उपलक्ष्यमा धर्मकीर्ति बिहारले बुद्ध पूजा र दानप्रदान, कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रमको प्रथम चरणमा विहान बुद्धपूजा, सयादो उ नन्दको तर्फबाट धर्मदेशना पश्चात् कार्यक्रममा उपस्थित हुनुभएका भन्ते गुरुमांहरू लगायत उपासक उपासिकाहरूलाई जलपान दान गरिएको थियो ।

कार्यक्रमको दोश्रो चरणमा भिक्षु भिक्षुणीहरूको तर्फबाट स्व. रत्नमञ्जरी गुरुमांको पूण्यस्मृतिमा सामूहिक परित्राण पाठ एवं पूण्यानुमोदन गरिएको थियो । सो पश्चात् वर्मी भिक्षु सयादो उ नन्द लगायत धर्मकीर्ति विहारका गुरुमांहरू एवं अन्य श्रद्धालु उपासकोपासिकाहरूको तर्फबाट आमन्त्रित भन्ते गुरुमांहरूलाई दान प्रदान गरिएको थियो ।

दान प्रदान कार्यक्रम सकिएपछि आमन्त्रित भन्ते गुरुमांहरू लगायत उपासकोपासिकाहरूलाई भोजन दान गरिएको थियो ।

### "सद्धर्म-चर्चा-कक्षा-सप्ताह" मनाइयो

ललितपुर वालिफलस्थित "विश्व शान्ति पुस्तकालय" को आयोजनामा र श्री बुद्ध रत्न शाक्यको सक्रियतामा गत २०६३ साल कार्तिक १८ गते देखि २५ गते सम्म "सद्धर्म-चर्चा-कक्षा-सप्ताह" मनाइयो । उक्त कार्यक्रममा प्रवचक एवं चर्चाकारका रुपमा श्री दोलेन्द्र रत्न शाक्यले सद्धर्मको आवश्यकता, मंगल-सुत्रको चर्चा, दु:ख-चक्र प्रवर्तन, धर्म-चक्र प्रवर्तन र प्रतित्य समुत्पाद विषयमा विस्तृत चर्चा गर्नु भएको थियो । उक्त कार्यक्रममा जम्मा २८ जना युवक युवतीहरूको सक्रिय सहभागिता थियो । प्रत्येक सांझ २ घण्टासम्म संचालित उक्त कार्यक्रमको अन्त्यमा तत्तत् विषयमा बोधनी-पत्र वितरण भएको थियो । यस कार्यक्रम निज दोलेन्द्र रत्न शाक्यबाट विभिन्न स्थानमा यसरीनै संचालन भएको मध्ये दशौं पटकको थियो । उक्त पुस्तकालयको अध्यक्षा सुश्री ऋद्धि लक्ष्मी शाक्य र संयोजक श्री धर्म रत्न शाक्यले कार्यक्रमको सामयिक प्रभावकारिता र औचित्यबारे आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो ।

## परियत्ति सिरपा समारोह सम्पन्न

*वि.सं. २०६३ कार्तिक १९ गते, बनेपा ।*

स्वयम्भू धर्मपासा पुच:या ग्वसालय् बु.सं. २५४९, वि.सं. २०६२ सालया परियत्ति सिरपा: इनेज्या छगू सार्वजनिक सभाया दथुई हर्षोल्लासपूर्वक क्वचा:गु समाचार दु ।

बुद्धपूजा लिपा न्ह्या:गु थुगु ज्याझ्वले पुच:या धम्मानुशासक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरं कोविद अन्तिम बर्षय बोर्ड प्रथम ता:लाके फुम्ह दीपंकर परियत्ति शिक्षालय नागबहा: यलकेन्द्रया विद्यार्थी मयुजु संगीता धाख्वा:यात पुचलं प्रदानया:गु नगद रु. १०,०००।- श्रद्धेय भिक्षु अश्वघोषं ल:ल्हाना बिज्यातसा मू पाहाँ भाजु पञ्चवीरसिंह दसिपौ ल:ल्हाना दिल ।

अथेहे कोविद अन्तिमवर्षय् बोर्ड प्रथम प्राप्त यायफुगु थुगु केन्द्रयात नं युरीकाजी रेणुका कसा:पाखें नगद रु. ५०००।- तका व मू पाहाँ पाखें दसिपौ ल:ल्हाना दिल ।

थुकथंहे कक्षा ९ या प्रथम मयुजु ललिता धाख्वा:यात भाजु अम्वर स्थापित पाखें नगद रु. १०००।- कक्षा ८ या प्रथम मोनिष वज्राचार्ययात भाजु पुण्य शाक्य पाखें नगद रु. १०००।-, कक्षा ७ या वोर्ड प्रथम मयुजु पुष्पाञ्जली शाक्य भाजु मयुजु पुष्प मान हीरादेवी डंगोल पाखें नगद रु. ११,००।- कक्षा ६ या प्रथम आनन्द शाक्ययात मयुजु सानुमैया तुलाधर पाखें नगद रु. ५००।-, कक्षा ५ या मयुजु रोजिता बुद्धाचार्ययात भाजु देशरत्न कसा: पाखें नगद रु. ५००।- कक्षा ४ या भाजु अविन्द्र तुलाधरयात भाजु इश्वरी दास मधिक:मि पाखं नगद रु. ५००।-, कक्षा ३ या मयुजु सुकृति महर्जन यात मयुजु निर्मला कसा: पाखें नगद रु. ५००।-, कक्षा २ या मयुजु अनिता बुद्धाचार्य यात भाजु जगत रत्न कसा: पाखें रु. ५००।- व कक्षा १ या श्रामणेर उत्तरोयात मयुजु तारा शोभा तुलाधर पाखें नगद रु. ५००।- सिरपा: ल:ल्हायुगु ज्या सम्पन्न जूगु समाचार दु । परिक्षाय् सफल विद्यार्थीपिन्त मूपाहाँया ल्हा:तं दसिपौ इनेगु ज्या नं सम्पन्न जूगु उगु ज्याझ्वले भिक्षु कोण्डञ्ञ, डा. सुरेन्द्र बहादुर वादे श्रेष्ठ, त्रिरत्न मानन्धर, भिक्षु बोधिज्ञान व रामकृष्ण उपासक पाखें थ:थ:गु मन्तव्य व्यक्त यानादिल । पुष्परत्न तुलाधरया नायोसुई न्ह्या:गु थुगु सभाय् नवासे मूपाहाँ भाजु पञ्चवीर सिंह व वयक:या तिरिमयुजु पाखें रु. २५,५००।- तका चन्दा प्रदान याना दीगु नं समाचार दु । थुगु ज्याझ्व: प्रकाश तुलाधरं न्ह्याकादीगु ख: ।



Downloaded from http://www.dhamma.digital

# म्यानमारका श्रद्धेय भिक्षु सयादो उ वण्णधजको ५६ औं शुभ जन्मोत्सव सम्पन्न

*२०६३ कार्तिक १८-२५*
*स्थान- सुलक्षण कीर्ति विहार, चोभार ।*

बुद्ध शासनमा समर्पित म्यानमारका श्रद्धेय सयादो भद्दन्त उ वण्णधज महासद्धम्म जोतिक धजको ५६ औं शुभ जन्मोत्सव सुलक्षणकीर्ति विहार एवं बि.एल.आई.ए. नेपाल च्याप्टरको संयुक्त आयोजनामा सप्ताहव्यापी कार्यक्रमहरू आयोजना गरी भव्य रुपमा यसरी मनाइएको थियो ।

*२०६३ कार्तिक १८ गते । प्रथम चरण:*

**ऋषिणी प्रव्रज्या:**

श्रद्धेय सयादो उ वण्णधजको ५६ औं जन्मोत्सवको उपलक्ष्यमा ऋषिणी प्रव्रज्या दिलाउने योजनानुरुप यसदिन ५३ जना उपासिकाहरूलाई एक सप्ताह अवधिभरका लागि ऋषिणी प्रव्रज्या र एकजना उपासिकालाई गुरुमां प्रव्रज्या गरिएको थियो ।

माननिय पर्यटन तथा संस्कृति मन्त्री प्रदिप ज्ञवालीको प्रमुख आतिथ्य एवं अनोजा गुरुमांको सभापतित्त्वमा संचालित कार्यक्रममा प्रमुख अतिथीबाट कार्यक्रम उद्‌घाटन गरिएको थियो । अतिथीहरूमा भू.पू. मन्त्रीहरू, बलबहादुर केसी, कृष्ण गोपाल श्रेष्ठ, तीर्थराम डंगोल, थाई राजदूत, श्रीलंका राजदूत आदिको समुपस्थितीमा हरिमान रञ्जितले स्वागत भाषण गर्नुभएको थियो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू क्रमश: यसरी रहनुभएको थियो–

इन्दिरा मानन्धर; धम्मवती गुरुमां; भू.पू.मन्त्रीहरू– कृष्ण गोपाल श्रेष्ठ, तीर्थराम डंगोल, बलबहादुर केसी; पर्यटन तथा सँस्कृति मन्त्री प्रदीप ज्ञवाली र अनोजा गुरुमां । यसदिन उक्त विहारमा रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो ।

*दोश्रो चरण:*

कार्यक्रमको दोश्रो चरण भोजन पश्चात् शुरु गरिएको थियो ।

*महापरित्राण पाठ:*

श्रद्धेय सयादो उ वण्णधजको आयु आरोग्य कामना गरी श्रद्धेय सयादो लगायत भिक्षुणी गुरुमांहरूको तर्फबाट साप्ताहिक (मिति २०६३ कार्तिक १८-२४) महापरित्राण पाठ गर्ने योजनानुरूप यसदिन सामूहिक पाठ सम्पन्न गरिएको थियो ।

यसरी नै कार्तिक १८-२४ सम्म दिनहुं महापरित्राण पाठ एवं धर्मदेशना सम्पन्न गरिएको थियो ।

*२०६३ कार्तिक २५ गते, शनीवार ।*

यसदिन सयादो उ वण्णधज को ५६ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा एक अभिनन्दन समारोहको आयोजना गरी श्रद्धेय भन्तेलाई अभिनन्दन गरिएको थियो ।

विशिष्ट अतिथी धम्मवती गुरुमां, प्रमुख अतिथी गृहमन्त्री कृष्ण प्रसाद सिटौला एवं अतिथीहरू, भू.पू.मन्त्रीहरू कृष्ण गोपाल श्रेष्ठ, तीर्थराम डंगोल, र बलबहादुर केसी रहनुभएको उक्त कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका उपसंघनायक भिक्षु अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

देवकाजी शाक्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा प्रमुख अतिथीज्यूबाट दीप प्रज्ज्वलन गरी कार्यक्रम उद्‌घाटन गरिएको थियो । सो पश्चात् श्रद्धेय सयादो वण्णधजलाई अभिनन्दन पत्र चढाउने कार्यक्रममा सुलक्षण कीर्ति विहारको तर्फबाट अनोजा गुरुमांले र धर्मकीर्ति विहारको तर्फबाट धम्मवती गुरुमांले अभिनन्दन पत्र चढाउनु भएका थिए । यसरी नै श्रद्धेय भन्तेलाई गुरुमांहरू लगायत ऋषिणीहरूको तर्फबाट र उपासिकउपासिकाहरूको तर्फबाट पनि उपहार चढाइएको थियो ।

यसदिन डा. अनोजा गुरुमांबाट लिखित शान्ति अभिप्रेरणा पुस्तक प्रमुख अतिथी गृहमन्त्री कृष्ण प्रसाद सिटौलाज्यूले विमोचन गर्नुभएको थियो ।

यसको साथै सयादो वण्णधजबाट कार्यक्रममा आमन्त्रित भन्ते गुरुमांहरूलाई जन्मोत्सवको उपलक्ष्यमा चीवर एवं नगद दान प्रदान गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्नुहुने क्रममा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने व्यक्तित्वहरू क्रमश: यसरी रहनुभएका थिए-

माधुरी शाक्य (ऋषिनीहरूको तर्फबाट अनुभव व्यक्त), मोहन दुवाल (साहित्यकार), भूतपूर्व मन्त्रीहरू- तीर्थराम डंगोल, कृष्ण गोपाल श्रेष्ठ, बलबहादुर केसी, भिक्षुणी धम्मवती, गृहमन्त्री कृष्ण प्रसाद सिटौला, सयादो उ वण्णधज ।

यसदिन साप्ताहिक कार्यक्रममा आ-आफ्नो क्षत्रबाट आवश्यक सहयोग उपलब्ध गराउनुहुने व्यक्ति एवं संघसंस्थाहरूलाई प्रमुख अतिथीज्यूबाट प्रशंसा पत्र प्रदान गरिएको थियो भने ऋषिणीहरूलाई प्रमाण पत्र पनि प्रदान गरिएको थियो । यसरी नै प्रमुख अतिथीज्यूलाई कार्यक्रम आयोजकको तर्फबाट मायाको चिनो पनि प्रदान गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा अनोजा गुरुमांले सभापतिको आसनबाट सभा विसर्जन गर्नुभएको थियो ।

यसदिन डेन्टल क्लिनिक संचालन गरी स्वास्थ्य सेवा गरिएको थियो ।

उक्त कार्यक्रममा हाल देशमा भइरहेको द्वन्दयुक्त वातावरण हटाउनको लागि भइरहेका शान्तिवार्ताका संयोजक गृहमन्त्री कृष्ण प्रसाद सिटौला ज्यूलाई शान्तिवार्ता सफल होस्, देशमा यथासिघ्र शान्ति र अमन चयन कायम होस् भन्ने शुभकामना एवं आर्शिवाद व्यक्त गर्नुहुँदै वर्मी सयादो उ वण्णधजले महापरित्राणको सूत्र धागो लगाइदिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा विभिन्न साँस्कृतिक कार्यक्रम प्रस्तुत गरी वातावरण रमणिय पारिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## प्रव्रजीत दीप (श्मशान) निर्माणार्थ चन्दा दिने दाताहरूको नामावली यस प्रकार रहेको छ-

| | | |
|---|---|---|
| १) आनन्दकुटी विहार, स्वयम्भू | रु. | १,११,१११।- |
| २) धर्मकीर्ति विहार श्रीघः | रु. | १,००,०००।- |
| ३) श्रीकीर्ति विहार, कीर्तिपर | रु. | १,००,०००।- |
| ४) श्री द्रब्यमानसिं (भाईराजा) तुलाधर | रु. | १,००,०००।- |
| ५) श्री पंचविरसिंह तुलाधर | रु. | १,११,१११।- |
| ६) श्री राजेश श्रेष्ठ | रु. | ५०,०००।- |
| ७) श्री त्रिरत्न कीर्ति विहार | रु. | ५,५५५।- |
| ८) धर्म विजय पदनम, गणमहा विहार | रु. | ५,५५५।- |
| ९) श्री तीर्थ नारयण मानन्धर | रु. | ५,५५५।- |
| १०) भिक्षु कुमार काश्यप | रु. | ५,५५५।- |
| ११) बुद्ध विहार, भृकुटी मण्डप | रु. | ५,५५५।- |
| १२) श्री तीर्थराम डंगोल | रु. | ५,०००।- |
| १३) श्री सानुरत्न स्थापित | रु. | ५,०००।- |
| १४) श्री नविन चित्रकार | रु. | ५,०००।- |
| १५) श्री तीर्थ वहादुर मानन्धर, चसांदो | रु. | ३,५००।- |
| १६) श्री ललितविरसिंह तुलाधर, असन | रु. | २,५००।- |
| १७) भिक्षु वरसम्बोधि | रु. | १,१११।- |
| १८) मन्दिरा ताम्राकार | रु. | १,१११।- |
| १९) भिक्षु आलोक | रु. | १,०००।- |
| २०) श्री महेन्द्रमुनि वज्राचार्य | रु. | १,०००।- |
| २१) भिक्षु श्रद्धानन्द | रु. | १,०००।- |
| २२) सुमित्रा गुरुमां | रु. | २,०२०।- |
| २३) श्री मोतिकाजी शाक्य | रु. | १,०००।- |
| २४) संघवती गुरुमां, श्रीघः | रु. | १,०००।- |
| २५) सुजाता गुरुमां, किम्डोल | रु. | १,०००।- |
| २६) चन्द्रशीला गुरुमां | रु. | १,०००।- |
| २७) अमरावती/धर्मचारी गुरुमां | रु. | ६०६।- |
| २८) श्री श्री बेखा रत्न शाक्य, पुल्चोक | रु. | ५५०।- |
| २९) तेजावति गुरुमां | रु. | ५१५।- |
| ३०) प्रेम लक्ष्मी शाक्य | रु. | ५०५।- |
| ३१) नानीछोरी शाही, डल्लु | रु. | ५०५।- |
| ३२) गंगादेवी डंगोल | रु. | ५०५।- |
| ३३) दानकेशरी शाक्य | रु. | ५०५।- |
| ३४) श्री रामहरी मुनिकार, वनस्थलि | रु. | ५०५।- |
| ३५) श्री रमेश मानन्धर | रु. | ५०१।- |
| ३६) श्री आशा नारायण | रु. | ५००।- |
| ३७) उत्तरा गुरुमां, किम्डोल | रु. | ५००।- |
| ३८) श्रद्धावति गुरुमां | रु. | ५००।- |
| ३९) श्री रामकृष्ण पहर्जन, चमति | रु. | ५००।- |
| ४०) पूर्ण देवी महर्जन | रु. | ५००।- |
| ४१) श्री ज्ञानरत्न शाक्य | रु. | ५००।- |
| ४२) श्री आशाराम शाक्य, ईवही, यल | रु. | ५००।- |
| ४३) ञाणशीला गुरुमां, यल | रु. | ५००।- |
| ४४) शीलवती गुरुमां | रु. | ५००।- |
| ४५) श्री पुष्प ज्ञानी, मासंगल्ली | रु. | ५००।- |
| ४६) तारा शोभा तुलाधर | रु. | ५००।- |
| ४७) करुणावति/ध्यानवति गुरुमां | रु. | ५००।- |
| ४८) सुशीलवती/पभावति गुरुमां | रु. | ५००।- |
| ४९) सुनिता गुरुमां र साथीहरू | रु. | ५००।- |
| ५०) तारा मानन्धर | रु. | ५००।- |
| ५१) भिक्षु विशुद्धानन्द (प्राणपुत्र) | रु. | ५००।- |
| ५२) भिक्षु गौतम | रु. | ५००।- |

क्रमशः

## मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार, बनेपालाई सहयोग

बनेपा मैत्री केन्द्र बालआश्रम ध्यानकुटीलाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली:–

| | | |
|---|---|---|
| १. सागरमान तुलाधर, इतुम्वहा | रु. | १०,१०१/- |
| २. छत्रराज शाक्य, पाल्पा-तानसेन | रु. | ५,०००/- |
| ३. सुमित्रा मानन्धर | रु. | १००५/- |
| ४. प्रकाश तुलाधर, श्री:घ | रु. | १०००/- |
| ५. दुर्गादास रंजित, टेकु, जन्मदिनको उपलक्षयमा | रु. | १०००/- |
| 6. Mrs. Soma De Silva, Sri Lanka. | Rs. | 5,000/- |
| ७. श्रा. नन्दिय | रु. | २५०/- |
| ८. चिनिशोभा कंसाकार | रु. | २००/- |
| ९. नानुमैया शाक्य | रु. | २००/- |
| १०. भिक्षु संवेगकीर्ति | रु. | १२०/- |
| ११. श्रा. सुमनकीर्ति | रु. | ११४/- |
| १२. भिक्षु वरसम्बोधि | रु. | ११२/- |
| १३. श्रा. सुन्दर | रु. | १११/- |
| १४. कुललक्ष्मी | रु. | १०५/- |
| १५. भिक्षु पमित | रु. | १०१/- |

१६. रु. १००/- चन्दा प्रदान गरी सहयोग गर्नेहरू– भिक्षु सुगतानन्द, तारादेवी तुलाधर, संगीता तुलाधर, मन्दिरा ताम्राकार, पुण्यलक्ष्मी तुलाधर, भिक्षु संघरक्षित, मुनि विहार, श्रा. सुजात, अ.वीर्यपारमी, श्रा. चन्दिम, जीबन आनन्दकुटी, हिराकाजी अवाले।

१८. १००/- भन्दा कम सहयोग प्राप्त रकम रु. ३९७/-

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४१ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७८३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: सुकपथ, काठमाडौं। फोन: ४२५१०३२, ४२४९४५०, फ्याक्स: (९७७-१) ४२२८९७८

Downloaded from http://www.dhamma.digital